# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष ११ | अंक २२४ | काठमाडौं | मंगलबार, २५ मंसिर २०८१ | Prabhab National Daily | Tuesday, December 10, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


रविको अड्डासार प्रकरण

## सत्ता र विपक्ष आमनेसामने

■ जेबी योञ्जन



**काठमाडौं–** सहकारी ठगी आरोपी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको प्रहरी हिरासतमा मानवअधिकार हनन् भएको भन्ने विषयले मुलुकको राजनीति गर्माएको छ । यही विषयलाई लिएर सत्तापक्ष र प्रतिपक्षी दलहरूबीच छेडछाड चलिरहेको छ ।

अस्वस्थ भएकै बेला चितवनदेखि पोखरामा सुत्न पनि नदिएर रातारात अड्डासार गरिएको र 'मातेका प्रहरी'हरूले दुर्व्यवहार गरेर मानवअधिकार हनन् गरेको रविको दल रास्वपाको टिप्पणी छ । चितवनको प्रहरी प्रशासनले भने उक्त आरोपलाई खारेज गरिदिएको छ ।

तर, यहीबेला प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले रविको बचाउ गर्दै सरकारको आलोचना गरेका छन् । उनले सोमबार भने, 'अदालतबाट दोषी ठहर नभएका, अत्यधिक जनमतद्वारा निर्वाचित रास्वपा सभापति माननीय रवि लामिछानेमाथि सरकारले जुन निरंकुश, अलोकतान्त्रिक, अमानवीय र प्रतिशोधपूर्ण व्यवहार गरिरहेको छ त्यसको निन्दा गर्दछु । त्यसप्रकारको व्यवहार रोक्न गम्भीर आग्रह गर्दछु,' दाहालले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन् ।

दाहालले सरकारलाई रविको मामिलामा प्रतिशोधी भएको भनेपछि रास्वपा खुसी भएको छ । यसैलाई लिएर रास्वपाका प्रवक्ता मनिष झाले माओवादी अध्यक्ष दाहाललाई धन्यवाद दिएका छन् । सामाजिक सञ्जाल एक्समा दाहालले रविलाई गरेको समर्थनको विवरण सार्वजनिक गर्दै झाले भनेका छन्, 'धन्यवाद प्रचण्ड, राजनीतिक प्रतिशोधविरुद्धको यो संघर्षमा हाम्रो साथमा उभिनुभएकोमा हामी आभारी छौं ।'

रवि सहकारी ठगी प्रकरणमा गत कात्तिक २ गते पक्राउ परेका हुन् । उनलाई सोमबार नै पोखरादेखि काठमाडौंहुँदै पर्साको वीरगञ्जमा लगिएको छ । त्यहाँ रहेको सानो पाइला सहकारीमा भएको ठगीबारे रविको बयान हुने भएको छ ।

यसरी प्रहरी अनुसन्धान जारी रहँदा गृहजिल्ला झापा पुगेर प्रधानमन्त्री केपी शर्मा ओलीले कडा शब्दमा रविको आलोचना गरेका छन् । उनले भने, 'देश चलाउन सिद्धान्त, नीति, संकल्प र अठोट चाहिन्छ, सहकारी ठगेजस्तो सजिलो कहाँ छ ?,' ओलीले भने । ओली लामिछानेविरुद्ध बारम्बार आक्रामक बन्दै आएका छन् । उनले यसअघि लामिछानेलाई अपराध कर्म गरिए सोहीअनुसारको फल पाउने अभिव्यक्ति दिएका थिए ।

तर, यस विषयमा कांग्रेस केन्द्रीय कार्य सम्पादन समिति बैठकमा लामिछानेको मानवअधिकार हनन्बारे सोमबार उठेको छ । देउवानिवास बूढानीलकण्ठमा भएको छलफलमा नेताहरू कृष्णप्रसाद सिटौला, अर्जुननरसिंह केसीलगायतले रविको मानवअधिकार सुरक्षा निकायबाट हनन् हुन नहुने बताएका थिए । तर, बैठकमा गृहमन्त्री रमेश लेखक थिएनन् । कारण गृहमन्त्री लेखक सुरक्षा गोष्ठीका लागि आइतबार नै वीरेन्द्रनगर गएका थिए ।


क्रमशः पृष्ठ २ मा


- रविलाई रातारात अड्डासार गरिएको विषयमा प्रहरी र सरकारको चौतर्फी आलोचना
- मानवअधिकार आयोगले सोधपुछका लागि बोलाउँदा गएनन् एआइजी कुँवर
- सोमबार रविलाई पुर्‍याइयो पर्साको वीरगञ्ज
- वीरगञ्जमा हाम्रो साइनो पाइला सहकारी संस्थाको बचत रकम अपलचनबारे रविसँग वयान लिइने

दोषी ठहर नभएका, अत्यधिक जनमतद्वारा निर्वाचित रास्वपा सभापति माननीय रवि लामिछानेमाथि सरकारले जुन निरंकुश, अलोकतान्त्रिक, अमानवीय र प्रतिशोधपूर्ण व्यवहार गरिरहेको छ, त्यसको निन्दा गर्दछु ।

■ **पुष्पकमल दाहाल**
**अध्यक्ष, माओवादी केन्द्र**

## 'बिआरआई फ्रेमवर्क'मा बाझियो एमाले–कांग्रेसको मत





हाम्रो जस्तो गरिब देशले कुनै देशसँग ऋण लिनै हुँदैन भन्न हुँदैन । प्रतिफल दिने ठाउँमा ऋण लिएर पनि काम गर्नुपर्ने हुनसक्छ ।

नेपाल सरकारले चीन सरकारसँग बिआरआई समझदारीमा जुन हस्ताक्षर गरेको छ, त्यसमा अनुदानलाई नै महत्त्व दिइएको छ ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** चीनसँग हालै गरिएको 'बिआरआई फ्रेमवर्क' सम्झौतामा सत्तारुढ दल नेकपा एमाले र नेपाली कांग्रेसको मत बाझिएको छ । सोमबार बिहान नेपाली कांग्रेसले यसबारे धारणा बनाउन केन्द्रीय कार्यसम्पादन समितिको बैठक राखेको थियो ।

उक्त बैठकको निर्णय सुनाउँदै कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले बिआरआईबाट आउने परियोजना ऋणमा नभएको बताएका थिए । मंसिर १७ गते चीन उडेका प्रधानमन्त्री केपी शर्मा ओलीले भ्रमणको अन्तिम दिन बिआरआई फ्रेमवर्कमा सम्झौता गरेका थिए । 'एड फाइनान्सिङ' उल्लेख गरी भएको बिआरआई सम्झौतामा १० परियोजना परेका छन् । ती परियोजना ऋणमा बन्ने हो कि भन्दै कांग्रेस सशंकित बनेको थियो ।

यद्यपि, प्रधानमन्त्री ओलीले यो ऋण नभई अनुदान भएको मंसिर २० गते चीनबाट फर्किनेक्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बताएका थिए । कुनै पनि हिसाबमा चीनमात्र नभई अरु मुलुकसँग पनि ऋण लिन नहुने कांग्रेसको अडान थियो ।



क्रमशः पृष्ठ २ मा







## अन्तर्राष्ट्रिय अदालतसँग नेपालले माग्यो जलवायु न्याय



- जलवायु न्याय माग्दै परराष्ट्रमन्त्री डा. आरजु राणाले पेस गरिन् नेपालको दाबी
- नेपालजस्ता मुलुकलाई परेको असरका साथै यसका कारण नेपालले पाउनुपर्ने क्षतिपूर्तिका विषयमा माग केन्द्रित
- नेपालले जलवायु न्याय प्राप्त गर्न पाउनुपर्ने तर्कहरू प्रस्तुत गरिएको जानकारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले अन्तर्राष्ट्रिय अदालत (आइसिजे) मा जलवायु परिवर्तनका कारण नेपाललाई परेको असर र पाउनुपर्ने क्षतिपूर्तिबारे नेपालका तर्फबाट कुरा उठाएकी छन् ।

अन्तर्राष्ट्रिय अदालतमा नेपालले पहिलोपटक जलवायु परिवर्तनको वर्तमान अवस्था र यसका कारण नेपालमा परेको असरका बारेमा आफ्नो अवस्था दर्शाउँदै जलवायु न्याय (क्लाइमेट जस्टिस) को माग गरेको हो । विश्वका धनी तथा विकसित मुलुकहरूले कार्बन उत्सर्जन गर्दा नेपालजस्ता मुलुकलाई परेको असरका साथै यसका कारण नेपालले पाउनुपर्ने क्षतिपूर्तिका विषयमा केन्द्रित रही मन्त्री डा. देउवाले उक्त अदालतमा नेपालको धारणा राखेकी हुन् ।

सो अदालतको सुनुवाइका क्रममा उनले नेपाल दोहोरो मारमा परेको दृष्टान्त पेस गर्दै भनिन्, 'जलवायु परिवर्तनका कारकमा नेपालको योगदान अति नगन्य छ तर पनि अहिले हामी जलवायुजन्य संकटसँग जुध्नका लागि आवश्यक स्रोतको अभाव झेलिरहेका छौं । त्यसैले हामी दोहोरो मारमा परेका छौं ।'

नेपालको भौगोलिक अवस्थिति र विकासको स्तरका कारण जलवायु परिवर्तनको प्रतिकूल असर देखिएको मात्र नभई नेपाल उच्च जोखिममा रहेको उनले बताइन् । नेपालका उच्च पहाड र हिमालहरूले प्राकृतिकरूपमा जलवायु सन्तुलन कायम गर्दै आएका तथा यहाँका नदीहरूको स्रोत हिमाल रहेको र यही नदी स्थानीय बासिन्दाको पानीको स्रोत रहेकामा अहिले तिनै हिमाल कालापत्थरमा परिणत भइरहँदा यो नै प्राकृतिक विपत्तिको कारण बनेको उनले बताइन् ।

इसिमोडको हालैको एक अध्ययनले अहिलेकै अनुपातमा हिउँ पग्लँदै जाने हो भने हिन्दकुश हिमालय क्षेत्रका हिमनदीहरूले यो शताब्दीको अन्त्यसम्ममा हाल विद्यमान अवस्थाको ८० प्रतिशतसम्म हिउँ गुमाउने देखाएको दृष्टान्त पेस गर्दै मन्त्री डा. देउवाले यसका कारण उच्च पहाडी क्षेत्रहरूमा बाढीपहिरोका साथै अन्य पूर्वाधारसम्बन्धी समस्या थप बढ्ने खतरा रहेको बताइन् ।


क्रमशः पृष्ठ २ मा

# पशुपति क्षेत्रमा सुरु भयो नवदुर्गा नाच

**काठमाडौं-** मल्लकालदेखि भक्तपुरबाट नवदुर्गाका गण आएर पशुपति क्षेत्रको जयवागेश्वरीमा देखाइने नवदुर्गा नाच सोमबारदेखि सुरु भएको छ ।

रणजीत मल्लको पालामा सुरु भएको नवदुर्गा नाच प्रत्येक वर्ष मार्गशीर्ष शुक्ल नवमीमा पशुपतिमा आई मोक्षदा एकादशीका दिन नाच सम्पन्न गरी फर्कने चलन छ । यो नाच मोक्षदा एकादशीका दिन यही मंसिर २६ गते पशुपतिबाट फर्कने जनाइएको छ । नवदुर्गा, भैरव, गणेश लगायत देवी देवताको मूर्तिसहित नवदुर्गाका गण भक्तपुर दरबार क्षेत्रबाट पैदल पशुपति आउने मल्लकालदेखिको परम्परा छ । पैदल आउनेक्रममा पुलबाट समेत नहिँडी नदीमा पैतालाले टेकेर तर्नुपर्ने चलन रहेको पशुपति क्षेत्रका संस्कृतिका विषयमा अनुसन्धान गरिरहेका स्थानीयवासी मुकुन्दराज वैद्यले जानकारी दिए ।

नवदुर्गाका गण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गबाट आई सोही बाटो फर्कने गरेका छन् । दुई सय वर्षभन्दा पुरानो नवदुर्गा नाचको मार्गमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बनेपछि यही मार्ग भएर आउने गरिएको हो । विमानस्थलको सुरक्षामा खटिएका सुरक्षा समूहसमेतले नवदुर्गाका गणलाई आउन दिने गरेको उनले बताए ।

नाच देखाउने क्रममा नवदुर्गाका गण नवमी र दशमी गरी दुई रात जयवागेश्वरीस्थित नवदुर्गा डबलीअघिको देवता घरमा बस्ने गर्छन् । विगतदेखि कम्तीमा २०० भन्दा बढी नवदुर्गाका गण आउने गरेका छन् । वि.सं. २०३९ देखि यो जात्रालाई सहयोग एवं समन्वय गर्दै आएका काठमाडौं महानगरपालिका-८ का पूर्ववडाध्यक्ष सुवर्ण वैद्य नवदुर्गा नाचका क्रममा पशुपति क्षेत्रमा धेरै दर्शकले जात्रा अवलोकन गर्ने बताउँछन् ।



जयवागेश्वरी ल्याएपछि देवीलाई पशुपति क्षेत्र विकास कोषअन्तर्गतको अमालकोट कचहरीका तर्फबाट बलिसहित पूजा गर्ने परम्परा छ । तान्त्रिक विधिमा आधारित नवदुर्गा नाचका क्रममा कसैले यस संस्कृतिलाई गिज्याउँदा दुष्परिणाम भोग्नुपरेका उदाहरणसमेत रहेको स्थानीय बताउँछन् । नवदुर्गा नाच पशुपति क्षेत्रसँगै बनेपाको चण्डेश्वरी, टोखा चण्डेश्वरी, साङ्ला, ठिमीलगायत स्थानका देवी मन्दिरअघिसमेत लगेर देखाउने परम्परा छ । पशुपति क्षेत्रमा हरिसिद्धिको जात्रा आउने वर्ष भने नवदुर्गाका गण आउँदैनन् । विगतमा हरिसिद्धि र नवदुर्गाको नाच जयवागेश्वरीमा एकैपटक आएका बेला दुवै देवीबीच झगडा भएकाले हरिसिद्धि आउने वर्ष नवदुर्गा नआउने नियम बसालिएको हो । वि.सं. २०७८ को मार्गशीर्ष शुक्ल नवमीमा हरिसिद्धिको नाच जयवागेश्वरी आएको थियो ।

जाडो महिनामा जात्राको समय पर्ने भएकाले दुई रातसम्म नवदुर्गा डबलीअघि गणलाई आगो बालेर ताप्ने व्यवस्था मिलाइने गरिन्छ । यस जात्रालाई वि.सं. २०३९ देखि स्थानीयवासीले पैसा उठाएर सहयोग गर्दै आएका छन् । यसको व्यवस्थापन हाल जयवागेश्वरी युवा क्लबले गर्दै आएको छ । नवदुर्गाका गणलाई जयवागेश्वरीवासीले घर घरमा लगी टीका लगाइदिने र मीठा कुरा खान दिने परम्परा छ ।

विगतमा नवदुर्गाका गणका नाममा गुठी राखिएकामा मासिएपछि विभिन्न स्थानमा गएर जात्रा देखाउन स्रोतको समस्या हुने गरेको गणनायकको भूमिकामा रहेका दयाराम वनमाला बताउँछन् । उनका अनुसार गुठी मासिएपछि नाच लैजाने स्थलका स्थानीयवासीको साथ र सहयोगमा यो ऐतिहासिक परम्पराले निरन्तरता पाउँदै आएको छ ।

नाचका क्रममा नवदुर्गालाई पशुपतिनाथको मूल मन्दिर परिसरसमेतमा परिक्रमा गराउने विधि रहेको गणका सदस्य बुद्धिबहादुर वनमालाले सुनाए । जात्राका क्रममा तीन दिनसम्म जयवागेश्वरी मन्दिरअघिबाट सिफल जाने मार्ग बन्द गरेर नाच देखाइन्छ । *रासस*

## 'लैंगिक हिंसा अन्त्य गर्न जनचेतना जरूरी'

**काठमाडौं (प्रस)–** सरोकारवालाले लैंगिक हिंसा अन्त्य गर्न व्यापक जनचेतना जरुरी रहेको बताएका छन् । १६ दिने महिला हिंसाविरुद्धको अभियानअन्तर्गत सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन)द्वारा सोमबार आयोजित अन्तरक्रियामा बोल्दै उनीहरूले महिला हिंसा नियन्त्रण जरुरी रहेकामा जोड दिएका हुन् ।

वन तथा वातावरण राज्यमन्त्री रूपा विकले भएका ऐन तथा नियमको प्रभावकारी कार्यान्वयन हुन सकेमा महिला हिंसाका घटना न्यूनीकरण हुने बताइन् । उनले भनिन्, 'जलवायु परिवर्तनको असरका कारण पनि सबैभन्दा बढी महिलालाई असर पुगेको छ, जलवायुजन्य असर न्यूनीकरणका लागि अनुकूलन कार्यक्रम लागू गर्न आवश्यक छ ।'

फेकोफनका अध्यक्ष ठाकुर भण्डारीले सामुदायिक वन उपभोक्ता समूहदेखि फेकोफनमा ५० प्रतिशत महिलाको सहभागिताले राज्यलाई महिला सहभागिता बढाउनुपर्ने शिक्षा दिएको बताए । फेकोफनकी महासचिव पार्वता गौतमले लैंगिक हिंसा अन्त्यका लागि १६ दिने अभियानमामात्रै नभएर फेकोफनले सधैं अभियान चलाइरहने बताइन् ।

वन तथा वातावरण मन्त्रालयकी उपसचिव दिपा ओलीले पनि कार्यस्थलमा हुने यौनजन्य हिंसाको घटना न्यूनीकरणका लाग सबैको सहकार्य आवश्यक रहेको बताइन् ।

पृष्ठ १ बाट क्रमशः

### अन्तर्राष्ट्रिय अदालतसँग...

उनले नेपालको संवेदनशीलतालाई संकेत गर्दै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सन् २०२३ को अक्टोबरमा नेपालको संसद्लाई सम्बोधन गर्दै नेपालले जलवायु संकट ज्यादै नराम्रोसँग भोगिरहेको बताएकी मन्त्री डा. देउवाले स्मरण गराइन् । उनले भनिन्, 'हामीले यसै वर्षको सेप्टेम्बरमा जलवायु परिवर्तनको सबैभन्दा नराम्रो परिणामको सामना गर्नुपर्‍यो । नेपालमा भीषण वर्षा भयो र हामीले अकल्पनीय क्षति पनि व्यहोर्नुपर्‍यो । जसका कारण २५० भन्दा बढी मानिसको ज्यान गयो भने महत्त्वपूर्ण पूर्वाधारमा ठूलो क्षति पुग्यो ।'

नेपालले यस वर्ष धेरै मात्रामा जलवायुजन्य विपद्हरूको सामना गर्नुपरिरहेको, बाढीपहिरोमा परेर ३०० जनाको ज्यान जानुका साथै पिउने पानी, सडक, ऊर्जा, सिँचाइ तथा कृषिसम्बन्धी पूर्वाधारमा ठूलो क्षति पुग्दा देशमा एक अर्ब तीन करोड अमेरिकी डलरभन्दा बढीको नोक्सानी भएको जानकारी मन्त्री डा. देउवाले सो अदालतसामु गराइन् । जलवायु परिवर्तनका कारण नेपालजस्ता देशले भोग्नुपरिरहेको यो अवस्था निकै नै अन्यायपूर्ण रहेको उनको तर्क थियो । उनले भनिन्, 'यो अवस्था हेर्दा लाग्छ हामीले कहिल्यै नगरेको गल्तीको सजाय भोग्दै छौं, हामीले कहिल्यै नगरेको अपराधमा हामीलाई दोषी सावित गरिँदै छ ।'

नेपालको संविधानले स्वस्थ र स्वच्छ रूपमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको व्यवस्था गरेको स्मरण गराउँदै यसका लागि नेपालले जलवायु परिवर्तनका क्षेत्रका चुनौतीहरूको सामना गर्न सामूहिक प्रयासहरू जारी राखेको पनि उनले बताइन् । जलवायु न्यायको आशाका साथ नेपालले जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय प्रक्रिया र प्रतिबद्धताहरूलाई उच्च महत्त्वका साथ अगाडि बढाएको पनि उनले बताइन् । जलवायु परिवर्तनले गर्दा मानवीय जीवनका आधारभूत अधिकारहरू जस्तो कि खाद्य अधिकार, स्वास्थ्य अधिकार, आवासको अधिकार, सरसफाइ र पानीको अधिकार आदिको प्राप्ति र उपभोगमा पनि बाधा पुगिरहेको उनले बताइन् ।

त्यसैले नागरिकका यी मौलिक अधिकारको संरक्षण गर्न र विश्वका कार्बन उत्सर्जनमा बढी योगदान पुर्‍याइरहेका देशहरूको दायित्वको पूर्णरूपमा कार्यान्वयन गर्न तथा नेपाललाई ती देशहरूबाट भौतिक, प्राविधिक र आर्थिक सहायता उपलब्ध गराउन आवश्यक रहेको मन्त्री डा. देउवाको जोड थियो ।

यस अदालतको परामर्शसहितको रायले विशेषगरी जलवायु परिवर्तनका विषयमा राज्यहरूको दायित्वलाई थप उजागर गर्ने, राष्ट्रहरूले आफ्नो दायित्व उल्लंघन गरेका खण्डमा त्यसलाई बोध गराउने र नेपालजस्ता पीडित राष्ट्रहरूलाई जलवायु न्याय प्राप्त गर्न सघाउने भएकाले नेपालले पनि जलवायु न्यायका लागि अपिल गरेको उनको भनाइ थियो ।

उनको प्रतिनिधिमण्डलमा रहेका कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव उदयराज सापकोटा र परराष्ट्र मन्त्रालयका उपसचिव शुभांग पराजुलीले पनि सो सुनुवाइका क्रममा जलवायु परिवर्तनका क्षेत्रमा नेपालको अवस्था र व्यवस्थाको जानकारी गराउँदै नेपालले जलवायु न्याय प्राप्त गर्न पाउनुपर्ने तर्कहरू प्रस्तुत गरेका थिए ।

संयुक्त राष्ट्रसंघीय महासभाको आदेशअनुसार सो अदालतले अहिले विश्वका १०० भन्दा बढी देशसँग जलवायु न्यायका लागि सुनुवाइ गरी सुझावहरू लिइरहेको छ । सोहीबमोजिम नेपालले पनि सोमबार जलवायु न्याय माग्दै आफ्नो दाबी पेस गरेको हो ।

■■■

### 'बिआरआई ...

'नेपाल सरकारले चीन सरकारसँग बिआरआई समझदारीमा जुन हस्ताक्षर गरेको छ, त्यसमा अनुदानलाई नै महत्त्व दिइएको छ, त्यहीअनुरूप प्रधानमन्त्री र परराष्ट्रमन्त्रीले अनुदानबाहेक अरु लिन सक्दैनौं भनेर प्रस्तुत हुनुभएको भन्ने छ,' केन्द्रीय सम्पादनको बैठकपछि प्रवक्ता महतले भने ।

कांग्रेसको धारणापछि सोमबार नै प्रधानमन्त्री ओलीले ऋण कि अनुदान भन्दै कराउन नहुने बताएका छन् । झापाको बिर्तामोडमा एमालेका अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै ओलीले भने, 'बिआरआईबारे नबुझेर धेरै कराएका छन् । यो ऋण हो कि अनुदान हो ? भन्दै कराएका छन् । बिआरआई चीनले अरु देशहरूलाई गर्ने सहयोग विकासमा गर्ने सहयोग त्यो ऋण पनि हुनसक्छ, त्यो अनुदान पनि हुनसक्छ, सहकार्य, संयुक्त लगानी पनि हुनसक्छ ।'

यतिमात्र हैन ओलीले नेपालजस्तो गरिब देशले ऋण लिन हुँदैन भनेर भन्नै नहुने तर्कसमेत गरे । 'मैले भनेरै गएको हो, यतिबेला ऋणको कुरा हुँदैन । ऋण लिन जान लागेको होइन भनेर, हामी अनुदान सहायताकै कुरा गर्छौं भनेर । तर, हाम्रो जस्तो गरिब देशले कुनै देशसँग ऋण लिनै हुँदैन भन्न हुँदैन,' ओलीले भने, 'प्रतिफल दिने ठाउँमा ऋण लिएर पनि काम गर्नुपर्ने हुनसक्छ ।'

बिआरआई फ्रेमवर्कमा १० वटा परियोजनासमेत समावेश गरिएको छ । सम्झौताअनुसार टोखा-छहरे सुरुङमार्ग, हिल्सा-सिमकोट सडक परियोजना, किमाथांका-खाँदबारी सडक र पुल, जिलोङ-केरुङ-काठमाडौं सीमापार रेलमार्ग, डडेलधुरास्थित अमरगढी सिटी हल, जिलोङ-केरुङ-रसुवागढी चिलिमे २२० केभी सीमापार प्रसारणलाइन, मदन भण्डारी विश्वविद्यालय, काठमाडौं साइन्टिफिक सेन्टर एन्ड साइन्स म्युजियम, दमकस्थित चीन-नेपाल औद्योगिक मित्रपार्क र झापा स्पोर्ट्स एन्ड एथलेटिक्स कम्प्लेक्स फ्रेमवर्कमा राखेर बिआरआई अघि बढाउने नेपाल-चीनबीच समझदारी भएको छ ।

यस्तो सहयोग लिन नेपाल वर्षौंदेखि अलमलिएको उल्लेख गर्दै ओलीले १५३ देशले स्वीकारेको बिआरआई स्वीकार्न नेपाल अलमलमा पर्न नहुने बताए । 'नेपालले प्राप्त गर्ने सहयोग वर्षौंदेखि अलमलिएको थियो । यसपटकबाट सम्झौता गरेर हामीले अगाडि बढाएका छौं । बिआरआईको बारेमा एउटा रूपरेखा सम्झौता गरेका छौं,' ओलीले भने, 'बिआरआईमा हामीले गरेको सहमति ठीक छ । यो १५३ देशले स्वीकारेको विषय हो । हाम्रो देशलाई लाभ पुग्नेगरी सम्झौता गरेको छौं । कसैले अलमलिनु पर्दैन । हामी हाम्रो राष्ट्रिय हित छाड्दैनौं ।'

यतिमात्र हैन ओलीले एमालेका युवालाई जुनसुकै बेला सडकमा उत्रिनपर्ने भएकोले तयार रहनसमेत निर्देशन दिए ।

बिआरआई सम्झौताबारे दुई दलबीच प्रधानमन्त्रीको चीन भ्रमणअघिबाटै 'ठाकठुक' परेको थियो । कांग्रेस ऋण लिनै हुन्न भन्ने पक्षमा उभिँदा एमालेसहित अरु दल भने ऋण लिँदा फरक नपर्ने पक्षमा थियो । दुई दलबीच कुरा नमिलेपछि बिआरआई कार्यदलसमेत गठन गरिएको थियो । कार्यदलमा कांग्रेसबाट महामन्त्री गगन थापा र सेमन्त दाहाल तथा एमालेको तर्फबाट प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णु रिमाल, आर्थिक तथा विकास मामिला सल्लाहकार युवराज खतिवडा सहभागी थिए । सुरुमा बिआरआईमा सहमति नहुने बताए पनि पछि कांग्रेस प्रवक्ता महतले परियोजनासहित ड्राफ्ट आएको विषय आफूले थाहा पाएको बताएका थिए । होटल बसेरामा एक संस्थाले आयोजना गरेको कार्यक्रममा महतको भनाइमाथि एमाले उपमहासचिव प्रदीप ज्ञवालीले कटाक्ष गरेका थिए ।

कांग्रेस महामन्त्री थापाले भने यस विषयलाई गुपचुप राख्न खोजेका थिए । पछि बिआरआई फ्रेमवर्कमा अन्तिममा हस्ताक्षर भयो । कांग्रेस केन्द्रीय सम्पादन समितिमा गगनले यो विषयमा महतलाई नबोल्न अनुरोध गरेका थिए । तर महतले भने अहिले देशको आर्थिक अवस्था खस्केकोले ऋण धान्न नसक्ने बताए । 'अहिले पनि हाम्रो भनाइ अनुदानमात्र लिने भन्ने हो । त्यो चीन सरकारको सवालमा मात्र होइन । सर्तसहित ऋण लिँदा देशलाई फाइदा हुँदैन भन्ने हाम्रो ठहर हो,' महतले भने ।

■■■

### रविको विषयमा ...

त्यही भएर कांग्रेस केन्द्रीय सम्पादन समिति बैठकमा उनले स्पष्ट पार्ने मौका पाएनन् । तर, सरकारमै रहेको कांग्रेसको फरक विचार समूहका अर्का नेता डा. शेखर कोइरालाले भने लामिछानेको मानवअधिकार कायम राख्ने सन्दर्भमा बोलेका थिए । 'यो रविजीको मात्रै कुरा होइन । कसैलाई पनि गर्नुहुन्न । हाम्रो देश लोकतान्त्रिक देश हो । सुरक्षा दिन गाह्रो भयो भनेर उम्कन पाइँदैन । त्यो विल्कुल गलत हो,' उनले भनेका थिए ।

चितवनबाट पोखरा पुर्‍याइएको घटनामा सोधपुछ गर्न प्रहरी महानिरीक्षक (एआइजी) वसन्तबहादुर कुँवरलाई राष्ट्रिय मानवअधिकार आयोगले सोमबार बोलाएको थियो । तर, उनी गएनन् । आयोगका प्रवक्ता टीकाराम पोखरेलका अनुसार कुँवर आफू उपस्थित नभएर अपराध अनुसन्धान विभागका एआइजी टेकप्रसाद तामाङ, सचिवालयका डिआइजी दानबहादुर कार्की र प्रहरीकै मानवअधिकार शाखाका एसपी मोहनकुमार थापालाई आयोगको कार्यालयमा पठाएका थिए ।

सभापति लामिछानेलाई २० मंसिरको राति चितवनबाट प्रहरीले पोखरा पुर्‍याएको थियो । त्यस क्रममा उनको मानवअधिकार उल्लंघन भएको हुनसक्ने आयोगले जनाएको छ । यसअघि रास्वपाले मानवअधिकार आयोगमा उजुरी दिएको थियो । उजुरीमा सरकारी कार्यलाई रास्वपाले अमानवीय, अपमानजनक तथा गैरन्यायिक चाल भएको जनाएको छ । सरकारको यो कर्मले नागरिकको नैसर्गिक मानवअधिकार हनन हुन पुगेको आयोगमा दिइएको उजुरीमा छ ।

सहकारीको रकम अपचलन आरोपमा २ कात्तिकमा पक्राउ परेका लामिछानेलाई छ पटकसम्म म्याद थपिएको छ । उनीविरुद्ध पक्राउ पुर्जी जारी भएका स्थान पोखरा, काठमाडौं, बुटवल, नारायणगढमा बयान दिएका छन् । सोमबार लामिछानेलाई पक्राउ पुर्जी जारी भएको स्थान पर्सामा बयानका लागि पुर्‍याएको छ ।

लामिछानेमाथि सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी तीनवटा मुद्दा बोकेर अघि बढेको छ । यस्तो बेला प्रहरीले कास्की, बुटवल, काठमाडौं र चितवन हुँदै बयानका लागि अन्ततः सानो पाइला सहकारीमा रविलाई लागिएको हो । लामिछानेसँगै गोर्खा मिडिया नेटवर्कका अर्का सञ्चालक पूर्वडिआइजी छविलाल जोशीलाई भने पोखराबाटै सडकमार्ग हुँदै वीरगञ्ज पुर्‍याएको प्रहरीले जनाएको छ ।

हाम्रो साइनो पाइला सहकारी संस्थाको ३३ करोड ५० लाख ७० हजार रूपैयाँ ठगी भएको उजुरी परेको छ । गत मंसिर १९ गते लामिछानेसहित १४ जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो ।


**सेन्चुरी इनर्जी लिमिटेड**
**का.म.न.पा.९, काठमाडौँ**

**आ.व. २०८०/०८१ को वार्षिक साधारण सभा सम्बन्धी सूचना**

*(प्रकाशित मिति : २०८१/०८/२५ गते)*

मिति २०८१/०७/२५ गते बसेको सञ्चालक समितिको वैठकको निर्णयानुसार यस **सेन्चुरी इनर्जी लिमिटेड**को आ.व.२०८०/०८१ को **वार्षिक सधारण सभा** निम्न मिति, स्थान र समयमा निम्न विषयहरूउपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण सेयरधनी महानुभावहरूको अनिवार्य उपस्थितिको जानकारीका लागि अनुरोध गरिएको छ ।

**(क) सामान्य प्रस्ताव :**
१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात नाफा र नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत अन्य अनुसूचिहरू उपर छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समिति चयन गर्ने सम्बन्धमा ।
४. आ.व.२०८१/०८२ को लागि लेखा परिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव :**
१. सञ्चालक समितिबाट सिफारिस भएअनुसार आर्थिक वर्ष २०८०/८१ मा कम्पनीले कमाएको मुनाफाबाट चुक्ता पूँजीको ८.५ प्रतिशत (करसहित) मौजुदा सेयरधनीहरूलाई गरिने नगद बोनस वितरण स्वीकृत गर्ने सम्बन्धमा ।

**(ग) विविध :**
१. नियमन निकायहरूको निर्देशन अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नुपर्ने अवस्था आइपरेमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धमा ।

**सञ्चालक समितिको निर्णय अनुसार**
**कम्पनी सचिव**



एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८१/०८/२५

यस बैंकको निक्षेपकर्ता श्री बिर बहादुर दर्लामी मगरको नाति, श्री कुल बहादुर दर्लामी मगरको छोरा, मनसरी देवी दर्लामी मगरको पति नवलपरासी जिल्ला, सुस्ता गाउँपालिका वडा नं. ५ मा बस्ने वर्ष ५२ को श्रीमान कर्ण बहादुर दर्लामी मगर (ना.प्र.नं. ३११४३, नागरीकता जारी मिती २०५२/०८/११, जारी जिल्ला नवलपरासी) को मिति २०८१/०६/०६ गते सुस्ता ५ पकलिहवा नवलपरासीमा निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचतखातामा रहेको रकम उपलब्ध गराई दिनुहोस भनी निजको श्रीमती मनसरी देवी दर्लामी मगरले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकममा निवेदकको माग बमोजिम मृतकको श्रीमती मनसरी देवी दर्लामी मगरको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**तु-आवश्यकता**

**यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

**1. Public Relations Officer (PRO) - 5 (M/F)**

**नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा अनुभवी हुनुपर्ने छ ।**

**तलबः ५0,000 सम्म**
**आवेदन तल दिईएको ईमेल वा ठेगानामा पठाउन सकिनेछ ।**

TESLA OVERSEAS PVT.LTD.
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
HOTLINE NUMBER -9704540753, Email: info@teslaoverseas.com.np, md@teslaoverseas.com.np, Web: www.teslaoverseas.com.np
Govt. License 1638/080/81



**कम्पनी खारेज सम्बन्धी लिक्वीडेटरको सार्वजनिक सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको प्रा.लि.नं. २४७१६६/०७७/०७८ को डेल्टा मार्ट प्रा.लि.को मिति २०८१|०८|२४ मा बसेको बिशेष साधारण सभाले स्वैच्छिक रूपमा कम्पनी खारेजी(लिक्वीडेसन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही, कसैको कुनै बाँकी बक्यौता, ऋण दायित्व वा लेनदेन बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा प्रतिनिधि मार्फत हक दाबी गर्न तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन सुचित गरिन्छ । अन्यथा कम्पनी ऐन २०६३ मा ब्यवस्था भए बमोजिम बाँकी दायित्व भुक्तान गरि बाँकी जायजेथा शेयरधनीहरूलाई बाँडिनेछ । तोकिएको म्याद भित्र दाबी नगरिएमा पछि कुनै दाबी नलाग्ने ब्याहोरा समेत सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय**
**अधिबक्ता हरिराम पौडेल**
**दामासाही व्यावसायी इजाजत नं. ४९७**
**का.म.न.पा. वडा नं. २९ अनामनगर, काठमाडौं**
**मोवाईल नं. ९८४१४२००६९**



**श्री भूमिसुधार तथा मालपोत कार्यालय मलंगवा सर्लाहीबाट प्रकाशित ३५ दिने सूचना**

यसमा जिल्ला सर्लाही गाविस वेल्वाजब्दी गाविस वडा नं २ हाल गोडैता न.पा. वडा नं. २ बस्ने भगलु साहको नाती दिहल साहको छोरा राम छविला साह कलवारले मेरो नाउँको श्रेस्ता जीर्न भई च्याति गएकोले श्रेस्ता कायम कायम गरी जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी पाउँ भन्ने व्यहोराको माग निवेदन भएको र सोही व्यहोराको गोडैता न.पा. वडा नं. २ नं वडा कार्यालयको च.नं. २२१ मिति २०८१/०५/१९ को सिफारिस पत्र उल्लेख भई आएको ।
यसमा निवेदको माग दावी अनुसारको जग्गाधनी प्रमाण पूर्जालाई श्रेस्ता कायम गर्दा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा यी निवेदक बाहेक अन्य कोही व्यक्तिको जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफु संग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दावि उजुरी गर्न यस कार्यालमा आउनु होला । सूचनाको म्याद भित्र दावी उजूरी नपरी म्याद समाप्त भएमा कानुन वमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सबैमा सुचित गरिएको छ ।

तपसिल

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. |
|---|---|---|---|---|
| सर्लाही | वेल्वाजब्दी | १ | २ | ०-१-१० |
| सर्लाही | वेल्वाजब्दी | १ | २५ | ०-१-५ |
| सर्लाही | वेल्वाजब्दी | १ | ६० | ०-३-१० |
| सर्लाही | वेल्वाजब्दी | १ | ६३ | ०-३-१५ |
| सर्लाही | वेल्वाजब्दी | १ | ६६ | ०-१-८ |
| सर्लाही | वेल्वाजब्दी | १ | १३० | ०-२-० |
| सर्लाही | वेल्वाजब्दी | ३ | २७२ | ०-१-६ |
| सर्लाही | वेल्वाजब्दी | ३ | ३०३ | ०-१-९ |
| सर्लाही | वेल्वाजब्दी | ९ | ८४४ | ०-०-१७-८ |
| सर्लाही | वेल्वाजब्दी | १ | ५३४ | ०-०-१४ |
| सर्लाही | वेल्वाजब्दी | १ | ४७३ | ०-०-१४ |

ईति संवत २०८१ साल मंसिर २४ गते रोज २ शुभम्



**श्री बहुउद्देश्य प्लाष्टिक उद्योग कार्यालय, भीमफेदी मकवानपुर**

**विद्युतिय बोलपत्र (e-Gp) आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/०८/२५ गते)
ठेक्का सूचना नं. MPPF/081/82/001

१. यस कार्यालयको लागि आ.व. ०८१/८२ मा निम्मानुसारको कार्य e-Gp System को माध्यमबाट गर्नु पर्ने हुदाँ इच्छुक योग्य बोलपत्रदाताहरूको लागि यसै सूचनाद्धारा यो विद्युतिय बोलपत्र आव्हान गरिएको छ ।

| सि. नं. | विवरण | लागत अनुमान मु.अ.कर सहित | पेश गर्नु पर्ने बोलपत्र जमानत अंक ने.रु. | बोलपत्र दस्तुर ने.रु. | मान्य हुने अवधि | बोलपत्र वीड गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १. | Production House (Second Phase) | १,५०,०४,२८१.२१ | ४,३०,०००.०० | ३,०००.०० | ९० | २०८१/०९/२५ गतेको १२:०० बजेसम्म । | २०८१/०९/२५ गते को १३:०० बजे । |

२. बोलपत्रदाताहरूले www.bolpatra.gov.np/egp System मार्फत विड गर्नुहुन र उक्त सिस्टममा अपलोड सम्बन्धि कागजादमा उल्लेख भए अनुसारको राजश्वरधरौटी खाताहरूमा रकम जम्मा गरि सोको भौचर पेश गर्नु हुन । साथै सो सम्बन्धि थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०५७-४१००४२ मा सम्पर्क गर्नुहुन समेत जानकारी गराइन्छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### पत्रकार महासंघलाई सुधार्ने अवसर

यतिबेला नेपाल पत्रकार महासंघले आफ्नो संगठन सञ्चालनका लागि नेतृत्व नवीकरण गर्न लागेको छ । महासंघको विवादित विगत त छँदै छ, तर स्वतन्त्र भन्दै दलगत धारणा बोकेका भ्रातृ संगठनका नेताहरूलाई सेटिङ गराउँदै नेतृत्व सुम्पँदै आएको इतिहास ताजै छ ।

सायद बानी परेर होला, हिजोआज यसबारे कुनै आलोचना गर्न पनि तयार देखिन्नन् पत्रकारहरू । यसपटक लामो विवादपछि पत्रकार महासंघले सदस्यता टुंगो लगायो । अवधि सकेर पनि पालैपालो राजीनामा दिँदै कार्यवाहकले महासंघ चलाए । रोचक त के रह्यो भने नेपाली कांग्रेसको महाधिवेशन प्रतिनिधि बनेर उपाध्यक्ष पद छाडेकी बाला अधिकारी अहिले महासंघ हाँकिरहेकी छन् ।

महासंघको चुनाव गराउन नसकेर विपुल पोखरेल अहिले पाखा लागिसकेका छन् । अहिले सत्ता सहयात्री दल नेपाली कांग्रेस र नेकपा एमालेले महासंघको चुनावमा घोषित गठबन्धन गरेको छ । भन्नलाई नेपाल प्रेस युनियनले कांग्रेसका भ्रातृ संगठन हैन भन्छ, यही सिको गर्दै प्रेस चौतारीले आफूलाई नेकपा एमालेको भ्रातृ संगठन हैन भन्छ । तर यी दुवै संगठन पार्टीको मुखपत्र हो ।

यी दुवै अहिले एक भएका छन्, त्यसो त यसअघि युनियन र माओवादी केन्द्रनिकट पत्रकार संगठन मिलेर गोविन्द आचार्य महासंघको अध्यक्ष बनेका थिए । त्यसपछि विपुल पोखरेल यही गठबन्धनबाट अध्यक्ष बने । अहिले सत्ता समीकरण फेरिएसँगै महासंघको समीकरण पनि फेरिएको छ । सदस्यता शुद्धीकरण महासंघमा जोडतोडले उठेको थियो । यसैको पक्षमा रहेका पत्रकारका नेताहरू भने अहिले साइड लागेका छन् । धेरैजसो यस पक्षका अभियन्ता बागी उम्मेदवार बनेका छन् ।

पत्रकारको संगठनलाई जीवन्त बनाउन नयाँ नेतृत्व चाहिन्छ नै । तर पत्रकार महासंघमा खुलेआम दलगत राजनीति भित्र्याउनु निकै लाजमर्दो विषय हो । कर्मचारीतन्त्रदेखि शिक्षकसम्मलाई राजनीतिबाट अलग राख्नुपर्छ भन्दै सिकाउने पत्रकारले दलको दलदलमा फसेर पत्रकार महासंघमा राजनीति गर्नु खुलेआम नैतिकतामाथि धावा बोल्नु हो ।

बाहिर स्वतन्त्र पत्रकारिताको खोल ओढ्दै भित्रभित्रै दलगत पत्रकारिताको कुलो खन्नु भनेको देशको व्यवस्थालाई कमजोर बनाउँदै लैजानु हो । समाजको ऐना पत्रकारिता हो, पत्रकारिता सुध्रिए देश बन्छ । नभए यसरी नै रुग्ण बन्दै जान्छ । यही निर्वाचनले देशको अवस्था दर्शाउँछ । त्यसैले बिग्रेको थिति सुधार्न पत्रकारहरू दलगत स्वार्थको राजनीतिबाट माथि उठ्नैपर्छ ।

## मननयोग्य

### चाणक्य नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर ति(म्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभ(ाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूस(ँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्ष(ाशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएक(ाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आच(ार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आच(ार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभ(ावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।' क्रमशः

# मानवअधिकार संरक्षणका सवाल



■ मनोहर कार्की

बाहिरी आवरणमा देखिएका नागरिक तथा राजनीतिक अधिकारप्रति राज्यले सामान्य जागरुकता देखाउने तर राजनीतिक, नागरिक अधिकारको जगमा भित्री पृष्ठभागमा जरो गाडेको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारप्रति ठाम्मै उदासीन रहने राज्य सञ्चालकको प्रवृत्तिका कारण मानवअधिकारको प्रत्याभूति र संरक्षण चुनौतीपूर्ण बनेको छ । समाजको विद्यमान आर्थिक विश्रृंखलता, गरिबी र वर्गीय विभेदलाई सम्बोधन गर्न नसकिनु, सीमान्तकृत तथा तल्लो वर्गका जनता र जनजातिहरूको नैसर्गिक अधिकारलाई सम्बोधन गर्न नसक्नु साझा चुनौती हुन् । यिनका जगमा उब्जिएका द्वन्द्वका बाछिटाले नेपाली समाजमा कुनै न कुनै रूपमा आधारभूत मानवअधिकार उल्लंघनका समस्या छन् ।

मानवको जन्मसिद्द अधिकारका रूपमा मानवअधिकारलाई लिइन्छ, त्यसैले जीवन र जगतका परिपालनासँग सम्बन्धित रहेका छन् । जीवन र स्वतन्त्रताका अक्षुण्ण र अनतिक्रम्य मौलिक अधिकारका रूपमा मानवअधिकार रहन्छ । नागरिकको जीवन रक्षा र अधिकारको संरक्षण, अधिकार प्रत्याभूति र परिपालनाको सहज वातावरण निर्माण लोकतान्त्रिक राज्यको प्राथमिक दायित्व हो । राज्य र नागरिकका अन्तरसम्बन्धको सेतु आधारभूत मानवअधिकारको वैधानिक व्यवस्था र उपयोगका पाटासम्म लक्षित छ । मानवका शास्वत स्वतन्त्रता र अनतिक्रम्य मौलिक अधिकार मानवअधिकार हो । लोकतान्त्रिक राज्यको दायित्व र शासन प्रणालीमा नागरिकका आधारभूत मानवअधिकारको प्रत्याभूति जोडिएको हुन्छ । राज्य र नागरिकका बीचमा अन्तरसम्बन्धको सेतु मानवअधिकार वैधानिक व्यवस्था हो । जसलाई संविधान र कानुनी व्यवस्थाले सुनिश्चित गर्दछ । असल अभ्यास र नागरिकले अनुभूति गर्ने उपयोग र कार्यान्वयनको पाटोमा मिहीन विश्लेषण हुनुपर्छ ।

विगतका वर्षको निरन्तरलाई जोड्दै अन्तर्राष्ट्रिय मानवअधिकार दिवस बिविध कार्यक्रमका साथ मनाइँदै छ । मानवीय मर्यादा वैयक्तिक स्वतन्त्रताको प्रत्याभूति र सामाजिक, सांस्कृतिक, रैथाने परम्परासहितको राजनीतिक अधिकार र कानुनी प्रत्याभूति हो । न्यायपूर्ण तथा गतिशील समाज लोकतन्त्रको मूल्य हो । यसका साझा मान्यतामा स्वतन्त्रता, समानता र न्यायले जीवनपद्धतिलाई अनुप्राणित गर्न सक्छ । सबै प्रकारका द्वन्द्वलाई उन्मूलन गरेर बसुधैव कुटुम्बकम्लाई मुखरित गर्नसक्छ । हाम्रो साझा सोच, चिन्तन र कार्य व्यवहार रहनुपर्दछ ।

लोकतान्त्रिक शासन पद्धतिमा राज्य मानवअधिकारको संरक्षक कवच मानिन्छ । मानवअधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति गर्नु राज्यको प्राथमिक दायित्व रहन्छ । नेपालको संविधान, २०७२ को भाग ३ को धारा १६ देखि ४५ सम्मका धारामा मौलिक हकलाई प्रत्याभूति गरिएको छ । संवैधानिक व्यवस्था भएअनुसार बग्रेल्ती अधिकार दिइएका छन् । चुरो कुरा कार्यान्वयन पक्षमा शिथिलता छ । सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले निकट भविष्यमा पूर्णता पाउला । यी आयोगले शीघ्र जनयुद्धकालीन मानवअधिकार उल्लंघन तथा बेपत्ता पारिएका व्यक्तिबारे विधि र कानुनी मान्यताअनुसार छानबिन र अन्य निर्धारित प्रक्रिया पूरा गरी सरोकारवालाले छिटो न्याय पाउनुपर्दछ ।

जातीय, धार्मिक, भाषिक, सांस्कृतिक बहुलता तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी एकता, वर्गीय, जातीय, भाषिक तथा लैंगिक र सबै प्रकारका जातीय छुवाछूतको उन्मूलनमा प्रयास हुनुपर्दछ । सामाजिक न्याय तथा समानता समानुपातिक, समावेशी र सहभागितामूलक समाज निर्माणका आधार विधिको शासन हो । तिनको कार्यान्वयनको पाटोले अहम् महत्त्व राख्दछ । मानवअधिकारका उल्लंघनका घटनाहरू यिनै क्षेत्रमा केन्द्रित भएका पाइन्छन् । राज्यको उपस्थिति र पीडितले न्यायको अनुभूति गर्ने वातावरण वनाउने दिशामा राष्ट्रिय मानवअधिकार आयोगको निश्चय नै संवाहक भूमिका अपेक्षित रहन्छ ।

मानवअधिकार उल्लंघनका कहाली लाग्दा घटना बढ्दो क्रममा छन् । विश्वका विभिन्न भागमा रहेका द्वन्द्वग्रस्त क्षेत्रमा मानवअधिकार उल्लंघनका बग्रेल्ती घटनाले आङ सिरिंग हुन्छ । उदाहरणका रूपमा सिरियाका द्वन्द्वरत क्षेत्रका बालबालिका, अफगानिस्तानका महिला तथा तिनका बालबालिका, पाकिस्तानमा भएका मानवताविहीन हत्या हुन् या म्यानमारबाट पलायन रोहिंग्या शरणार्थीको कहाली लाग्दो अवस्था, मानवअधिकार हननका निर्लज्ज घटना हुन् । पछिल्लो घटनाक्रमलाई नियाल्ने हो भने युक्रेन-रुस युद्धमा मानवअधिकारको उल्लंघन तथा प्यालेस्टियन हमास-इजरायल युद्धका दौरानमा निरीह सामान्य नागरिक त्यसमा पनि बालबालिका र महिलाको नृसंश हत्या भइरहेको छ । केही सुखद् राहत हिजबुल्लाह-इजरायली सेनाका दक्षिणी लेबनान क्षेत्रमा फैलिएको युद्ध हाल युद्धविरामको अवस्थामा छ । त्यहाँ पनि निरीह आमनागरिक युद्धको चपेटामा परे । आशा गरौं युद्धविराम दिगो शान्तिको मार्गतर्फ अघि बढोस् । मिडियामा आएका समाचारका आधारमा युद्धमा बढी निमुखा महिला र बालबालिकाको कहालीलाग्दो हत्या भइरहेको छ । विश्व समुदाय कहिलेसम्म मुकदर्शक भइरहने ? संयुक्त राष्ट्रसंघको मसिनो आवाजले युद्ध रोक्ने कुनै छनक छैन । युद्धबाट प्रताडित निमुखा जनताका लागि आवश्यक न्यूनतम् जीवन सुरक्षा र मानवीयताका सामग्रीको व्यवस्थामा सहजता होस् ।

नेपालमा पनि बालबालिकाको अपहरण, निर्मम हत्या, महिला हिंसाका जघन्य अपराधका शृंखला रोकिएका छैनन् । सामान्यतः दलित, अल्पसंख्यक तथा राज्यशक्तिको पहुँचबाट टाढा रहेका वर्ग र समुदायका मर्यादा, स्वतन्त्रता र न्यायमा सहज स्वीकृति न्यूनतम आधारभूत आवश्यकता हो । जसको संरक्षण र प्रवर्द्धनमा विश्व संस्था, राज्यको दृष्टिकोण तथा न्यायमा पहुँजको प्रत्याभूति प्राथमिक दायित्व हुनुपर्दछ ।

लोकतान्त्रिक शासन पद्धतिमा राज्यलाई मानवअधिकारको संरक्षक मानिन्छ । मानवअधिकारको संरक्षण, सम्वर्द्धन राज्यको प्राथमिक दायित्व हो । नेपालको संविधान २०७२ मा प्रत्याभूत भएअनुसार मानवअधिकारका विषयलाई विशेष महत्त्वका साथ उल्लेख गरिएको छ । यसै संविधानको भाग ३ अन्तर्गत मौलिक हकको कार्यान्वयनमा प्रयास र प्रत्याभूतिको अनुभूति हुन सकोस् । जातीय, धार्मिक, भाषिक, सांस्कृतिक बहुलता तथा भौगोलिक विविधतालाई आत्मसात् गरौं । वर्गीय, जातीय, भाषिक तथा लैंगिकलगायत सबै प्रकारका जातीय छुवाछूतको उन्मूलन गरी सामाजिक न्याय तथा समानता सुनिश्चित होस् । समानुपातिक, समावेशी समाज निर्माण हुनुपर्दछ । कानुन कार्यान्वयनको पाटोले अहम् महत्त्व राख्दछ । मानवअधिकार उल्लंघनका घटनाहरू यिनै क्षेत्रमा केन्द्रित भएका पाइन्छन् । राज्यको उपस्थिति र पीडितले न्यायको अनुभूति गर्ने वातावरण बनाउन सकौं । यस दिशामा राष्ट्रिय मानवअधिकार आयोगको मियोझैं समन्वयकारी भूमिका अपेक्षित रहन्छ ।

संवैधानिक तथा कानुनी व्यवस्थाहरू अमूर्त विषयवस्तु हुन् । सवलीकरण तथा आमजनताका मौलिक मानवअधिकार कार्यान्वयनको दिशामा राज्य व्यवस्थाको क्रियाशीलताको खोजी छ । व्यवहारको कसीमा उतार्न सक्ने दृढ इच्छाशक्ति हामीले खोजेको जनगुनासो र चासोका विषय हुन् । मानवअधिकारको उल्लंघनमा यथोचित् दण्ड सजायको व्यवस्थाको खरो कार्यान्वयन दिशामा राज्य संयन्त्र सचेत रहिरहनुपर्दछ । राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो संवैधानिक हैसियतलाई उजागर गर्ने र मानवअधिकारको प्रत्याभूतिको वातावरण सिर्जना गर्ने सवालमा थप प्रयास खाँचो रहला । मानवअधिकारको संरक्षण, उल्लंघनमा सचेतता तथा राज्यपक्षलाई सजग गराउने दिशामा सरोकारवालाको भूमिका सशक्त हुन नसक्नु दुखद् पक्ष हो । किनकि मानवअधिकार उल्लंघनका घटनामा कमी नआउनु, अधिकारको संरक्षणमा राज्य संयन्त्र उदासीन रहनु तथा पीडितको न्यायमा पहुँचको गुञ्जायस भएको आभाष नपुग्नुजस्ता परिघटनाले मानवअधिकार आयोगको सक्रियता र क्रियाशीलतामा चिन्तन आवश्यक छ ।

१७औं शताब्दीको अन्त्यतिर जीवन, स्वाधीनता र सम्पत्तिको अधिकारलाई केन्द्रमा राखी सन् १६९० मा प्रकाशित एक पुस्तकमा पाश्चात्य दार्शनिक जोन लकले मानवअधिकरको उद्घोष गरे । जसको आधारशीलामा तत्पश्चात् वैचारिक धरातलमा विश्लेषण गरियो । सन् १७७६ को स्वाधीनतासम्बन्धी ऐतिहासिक अमेरिकी घोषणपत्रका मस्यौदाकार थोमस जेफर्सनको मानवका नैसर्गिक अधिकार जीवन, स्वतन्त्रता र सुखका आयाम उल्लेख भए । सन् १७८९ मा फ्रान्सको ऐतिहासिक फ्रान्सेली क्रान्तिका दौरान तात्कालिन फ्रान्सेली राष्ट्रियसभाले मानवअधिकार सम्बन्धी पहिलो बैज्ञानिक दस्तावेज नागरिकको अधिकारहरूको अधिकारपत्र तयार गर्‍यो, जसलाई प्रथम फ्रान्सेली गणतन्त्रको संविधान-सन् १७९१ मा प्राथमिकताका साथ समावेश गरियो ।

विश्वमा शान्ति र समग्र मानवजातिको संरक्षण र संस्थागत विकास गर्ने दिशामा संयुक्त राष्ट्रसंघको भूमिका महत्त्वपूर्ण रही आएको छ । विश्व जगत र मानवका बीचमा सौहार्द्र सम्बन्ध सेतुका दिशामा मानवअधिकारको प्रत्याभूति र संरक्षणका प्रयासले खास महत्त्व राख्दछ । संस्थागत विकासमा विश्वका विभिन्न देशले आ-आफ्नो मौलिक दृष्टिकोणले व्याख्या विश्लेषण भइ आएको सन्दर्भमा मानवअधिकारको आधारभूत मूल्य मान्यताको प्रवर्द्धनमा केही द्विविधा पनि देखिएको छ ।

युद्धका विभिषिकामा मानवजातिको नृसंश सम्भार, बालबालिकाको बिचल्ली र मानवअधिकारको कहालीलाग्दो उल्लंघनका घटनाक्रमले मानव जातिको संरक्षण र कल्याणका उपायकाबारेमा सोच्न र मनन गर्न विश्व संघलाई घच्घच्यायो । परिणामतः सन् १९४८ को डिसेम्बर १० तारेखमा राष्ट्रसंघको प्रयासमा मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणा राष्ट्रसंघीय महासभाबाट सर्वसम्मतिले पारित भयो । त्यही दिनको ऐतिहासिक क्षणलाई संस्मरण गर्दै प्रत्येक वर्षको १० डिसेम्बरलाई अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका रूपमा मनाइन्छ ।

अन्तर्राष्ट्रियस्तरमा मान्यताप्राप्त अधिकारका अन्तरनिहित भाव र अधिकारको प्रवर्द्धन र सुरक्षाको प्रत्याभूति गर्नुपर्दछ । साथै, संयुक्त राष्ट्रसंघको उपलब्धिका रूपमा मानवअधिकार कानुनको एक छुट्टै निकायको व्यवस्था हुनु हो । नेपालले मानवअधिकारको क्षेत्रमा देखाएको चासो र सरोकारको सवालमा आफ्नो भूमिकालाई अन्तर्राष्ट्रिय मञ्चमा परिलक्षित गरेको छ । मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र-१९४८ अनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी राष्ट्रसंघीय अनुबन्ध १९६६ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी राष्ट्र संघीय अनुबन्ध १९६६ को पक्षकार राष्ट्रका रूपमा मानवअधिकारको कार्यान्वयन नेपाल सरकारको दायित्व हो । नागरिकका आधारभूत नागरिक तथा राजनीतिक अधिकारको के कत्ति पालना भए तथा आमनागरिकका निश्रृत आधारभूत आर्थिक, सामाजिक सांस्कृतिक अधिकारको संरक्षण र प्रवर्द्धनको दिशामा सरकारले उठाउँदै आएको कदमले निकै महत्त्व राख्दछ ।

बाहिरी आवरणमा देखिएका नागरिक तथा राजनीतिक अधिकारप्रति राज्यले सामान्य जागरुकता देखाउने तर राजनीतिक, नागरिक अधिकारको जगमा भित्री पृष्ठभागमा जरो गाडेको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारप्रति ठ्याम्मै उदासीन रहने राज्य सञ्चालकको प्रवृत्तिका कारण मानवअधिकारको प्रत्याभूति र संरक्षण चुनौतीपूर्ण बनेको छ । समाजको विद्यमान आर्थिक विश्रृंखलता, गरिबी र वर्गीय विभेदलाई सम्बोधन गर्न नसकिनु, सीमान्तकृत तथा तल्लो वर्गका जनता र जनजातिहरूको नैसर्गिक अधिकारलाई सम्बोधन गर्न नसक्नु साझा चुनौती हुन् । यिनका जगमा उब्जिएका द्वन्द्वका बाछिटाले नेपाली समाजमा कुनै न कुनै रूपमा आधारभूत मानवअधिकार उल्लंघनका समस्या छन् । समाधानका लागि कुरा र भाषणभन्दा रूपान्तरणका सवाललाई सम्बोधन गर्न किन कञ्जुस्याइँ ?

समग्रमा मानवअधिकारको संरक्षण र प्रवर्द्धनका दिशामा के कति कार्य भएं, तात्त्विक महत्त्व राख्दछ । राष्ट्रिय मानवअधिकार आयोगलगायत सरोकारवालाको क्रियाशीलता जरुरी छ । मानवअधिकार प्रत्याभूति र संरक्षणका सवालमा वैधानिक लिखत र दस्तावेजमात्र पर्याप्त हुन नसकेको अनुभव छ । नागरिकमा अधिकारप्रति सचेतना, राज्यका अंगहरूको गत्यात्मकता तथा सचेत नागरिक समाजको पहरेदारी बन्नु आवश्यक छ ।

*(लेखक मानवशास्त्री तथा अधिवक्ता हुन्)*

# होलिकाको काखमा दारीवाल




मन्द अँध्यारो कोठा । मंसिरको जाडोले कक्रिएर पातलो ओड्ने ओडेर पल्टिरहेको छ अधवैंशे दारीवाल । मनमा भय, त्रास र आतंक अनुहारमा छछल्किरहेको छ । खै के पो गर्ने हो, भित्रभित्रै डरले मुटु काँपिरहेको छ ।

मध्यरात कोही घुरेर निदाइरहेका छन् । कोही आच्छुऽ आच्छुऽ कस्तो जाँडो भन्दै छन् । सबैको उही नियति छ । डर र त्रास भने फरक-फरक छ । चिसो कोठामा न दया न माया, अपराध गरेको होस् या नहोस् तर बन्दी बनेको छ ।

मध्यरात, फलामको ढोका उघारेर नीलो बर्दीवाला पल्टिरहेको दारीवाललाई कोटयाउन पुग्छ । दारीवाल झस्किन्छ । 'के भो ?' दारीवाल प्रश्न गर्छन् ।

बर्दीवाल कुनै युद्ध जितेर आएको सिपाहीजस्तै गर्जिन्छ- 'खुरुक्क उठेर हिँड्' ।

नीलो क्रान्तिको 'अगुवा' दारीवाललाई निलै बर्दीवालले मध्यरातमा सातो लिने प्रयास गर्छ । दारीवाल ओड्ने पन्छाएर उठ्छ र सोध्छ, 'यो मध्यरात कहाँ जाने ?'

नीलो बर्दीवाल कड्किन्छ- 'माथिको आदेश छ, हामीलाई जहाँ मन लाग्यो त्यही जाने । तँलाई भनेर लैजाने हो र ?'

'जान्न म यो मध्यरातमा, जानै परे भोलि बिहान जान्छु' दारीवाल आफूलाई अलि निडरजस्तै गरी भन्छ । तर बर्दीवाललाई माथिको आदेश छ । दारीलाई कड्किँदै भन्छ, 'मलाई कुनै कुरा सुन्नु छैन, खुरुक्क हिँड् ।'

'म अहिले जान्न, यो रातिको समयमा किन जाने ? अनि बोल्दाखेरी अलि भद्र बन्नूस्,' दारीवाल पनि के कम, उल्टै आदेश दिएजस्तै बोल्छ ।

उत्तर कुनामा अडेस लागेर हरियो ब्ल्यांकेट ओडेर एकनासले हेरिरहेको अर्को थुनुवा हाँस्छ । 'समय हो समय, कहिले कसको पालो कहिले कसको पालो । दिन एकैनासको कहाँ हुन्छ राजा ? हामीले त यहाँ बसेर कति पीडा पायौं पायौं । अब पालो तिम्रो' थुनुवा ताली बजाउँछ ।

दारीवाल अर्को थुनुवातर्फ निराश भएर हेर्छ । बर्दीवाल दारीवाललाई बाहिर निस्कन भन्छ । बर्दीवालको कुरा सुन्दा दारीवाललाई कतै अन्तै लैजान खोजेको हो कि भन्ने भान हुन्छ । उसलाई कता-कता डर लाग्छ । नजाउँ थुनुवा कोठामा, जाउँ भने मध्यरात कतै केही पो गर्ने हुन कि ?

दारीवालको मनमा चिसो पस्यो । मनमनै सोच्छ, 'त्यसै छाड्लान जस्तो छैन नखाएको विष लागिरहेको छ ।' 'जाउँ कहाँ गाउँ छाडी लुक्ने सहर देख्या छैन' गीत मस्तिष्कमा आउँछ ।

दारीवालको मनमा अझ डर बढ्दै गएको छ । तर पनि ऊ बाध्य भएको छ । बर्दीवालको पछिपछि लाग्छ । दिनभर अदालतबाहिरको भीडभाड र नारा जुलुस सम्झन्छ । अनि मध्यरात कतै लैजाँदै गर्दा उसले माओवादी जनयुद्धको समय सम्झन्छ । शासकहरूले आफ्नो कमजोरी लुकाउन जे पनि गर्न सक्छन् भन्ने कुरा दारीवालले पनि बुझेको छ ।

दारीवाललाई बर्दीवालले हिरासतबाट बाहिर लैजान्छ । बन्दुकधारी अरु नीला बर्दीवाला पनि देखिन्छन् । ठूलै अपराध गरेजस्तै गरी मध्यरातमा दारीवाललाई गाडीमा राखिन्छ । दारीवाललाई गाडीमा राखेपछि टुप्पोमा राखिएको रातोबत्तीसँग बजेको एकोहोरो 'साईरन'सँगै गाडी हुँइकिन्छ ।

मध्यरात दारीवाललाई बर्दीवालले गरेको कर्मप्रति भित्रभित्रै रन्थनिएको छ । 'साला, नियम कानुन, संविधानभन्दा माथि कुनै व्यक्तिको आदेशमा चलाउन पाइन्छ ? मैले कस्तो नबुझेको रहेछु । म जस्तै अरु कतिले यस्तै पीडा खेप्नुपरेको छ होला ?' मनभित्र अनेक कुरा खेलिरहेको छ । मध्यरातमा हुँइकिएको गाडीमा बसिरहेको दारीवाल अब मेरो दिन सकियो कि क्या हो भन्ने सोचिरहेको छ ।

नीलो क्रान्तिका लागि हिँडेको दारीवाललाई आज नीलो बर्दीवालकै कारण भित्रभित्र मृत्युको मुखमा पुगेकी भन्ने डर लागिरहेको छ । जसरी प्रल्हादलाई हिरण्यकश्यपुको आदेशमा बहिनी होलिकालाई काखमा राखेर जलाउने प्रयास गरेकी थिइन् । अहिले नीलो क्रान्ति भन्दै हिँडेको दारीवालको अवस्था त्यस्तै भएको छ । 'नो नट अगेन' बन्दै नीलो क्रान्तिको सपना बुनाएर उही हिरण्यकश्यपुको आदेशमा होलिकाहरूको काखमा बसेर रमाउन पुगेको दारीवाल आज तीनै होलिकाहरूकै कारण नीलो बर्दीवालको फन्दामा परेको छ ।

होलिकाहरू नीलो बर्दीवालको सहयोगले दारीवाललाई कहिले यता र कहिले उता कुदाइरहेका छन् । होलिकाहरूको काखमा बस्नै हुन्नथ्यो भन्ने थाहा हुँदाहुँदै पनि दारीवाल नीलो बर्दीवाललाई तह लगाउनेगरी बसेका हैनन् र ?


तर समयले कोल्टे फेरेको छ । होलिकाहरूले आफ्नै काखमा राखेर दारीवालको दारी डढाउने प्रयत्न गरिरहेका छन् । स्वार्थको चंगुलमा नीलो क्रान्ति कसरी सम्भव होला र ? नीलोलाई नीलो, कालोलाई कालो भन्न सक्नुपर्छ ।

भ्रममा अर्काको 'बा' लाई आफ्नै 'बा' मानेर हजारौं गल्तीहरूको ढाँकछोप गर्दै होलिकाको न्यानो काखमा बसेर 'बा' लाई 'म्वाई' खाँदै नर्कमा बसेर स्वर्ग देख्दाको हविगत दारीवालले नीलो बर्दीवालबाट भोगिरहेका छन् ।

आखिर हिरण्यकश्यपुलाई कुनै हालतमा पनि प्रल्हादलाई सिध्याउनु छ । त्यस्तै दारीवालको नीलो क्रान्तिलाई जसरी हुन्छ सिध्याउनुपर्छ भन्दै नीलो बर्दीवाललाई होलिकाका रूपमा प्रयोग गरिएपछि कसको पो के लाग्छ र ? कहिले कास्की, कहिले बुटवल, कहिले चितवन, कहिले काठमाडौं, कहिले बारा । दाह्रीवालको भाग्य पनि कति चम्केको हो प्लेनमै डुलेको डुल्यै छन् कठै वर ! राज्य होस् त नेपालजस्तो । शासक हुन् त देउऽली जस्तो !

सानो होस् कि ठूलो, अपराधी बनून् दारीवाल । कानुनसानुन यस्तै हो आदेशमात्र मानून् नीलो बर्दीवाल । 'बा' हरूको साथ, होलिकाको काखमा होस् बास !

न्याय नपाए गोर्खा जानु भन्थे, अहिले त गोर्खा आफैंले न्याय पाएको छैन । दारीबाल झल्याँस झस्किए । खोला सुसाइरहेको थियो । नीलो बर्दीवाल दारीवाललाई आदेशका नाममा अनेक सुनाइरहेका थिए । नीलो गाडी नीलो बर्दीवाल । नीलो क्रान्ति गर्ने दारीवाल । बिहान यता, दिउँसो उता, रातमा कता-कता भाग्यमा नै प्वालै प्वाल ।



**उड्दै गरेका कलहाँस** | बेलौरी नगरपालिका-६ स्थित पुरैनी ताल नजिक उड्दै गरेका कलहाँसको बथान। उत्तरी ध्रुव (साइबेरियालगायतका ठाउँहरू)मा चिसो बढेसँगै यी चराहरू प्रत्येक वर्ष हिउँदको मौसममा यहाँ आइपुग्ने गर्दछन्। गर्मी सुरु नहुँदै यी चराहरू पुनः साइबेरियातर्फ फर्कने गर्दछन्। *तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

# म्याग्दीको मुनामा भेटियो रेडपाण्डा



**म्याग्दी-** धौलागिरि गाउँपालिका-३ मुनाको बञ्चरेडाँडा जंगलमा संकटापन्न जंगली जनावर रेडपाण्डा (हाब्रे) भेटिएको छ।

समुद्री सतहबाट दुई हजारदेखि चार हजार ८०० मिटरको उचाइमा बसोबास गर्ने रेडपाण्डालाई सरकारले संकटापन्न वन्यजन्तुको सूचीमा राखेको छ। मुना मालिका पुगेर फर्कने क्रममा आइतबार धौलागिरि गाउँपालिका जनप्रतिनिधि र कर्मचारीको टोलीले समुद्री सतहदेखि तीन हजार १०० मिटर उचाइमा रेडपाण्ड भेटाएका हुन्।

धौलागिरि गाउँपालिकाका कर्मचारी तेजिन्द्र पुनले रेडपाण्डाको तस्बिर र भिडियो खिचेर वन प्राविधिकलाई उपलब्ध गराउनुका साथै सार्वजनिक गरेका थिए। साविक मुना गाविसको जंगलमा पहिलोपटक रेडपाण्डा भेटिएको स्थानीय पुनले जानकारी दिए।

डिभिजन वन कार्यालय म्याग्दीका प्रमुख विष्णुप्रसाद अधिकारीले बञ्चेडाँडामा भेटिएको उक्त जनावर रेडपाण्डा भएको पुष्टि गरे। 'भिडियो र तस्बिरका साथै त्यहाँ भेटिएको दिसाका आधारमा म्याग्दीको धौलागिरि क्षेत्रमा रेडपाण्डाको बासस्थान रहेको पुष्टि भएको छ,' उनले भने, 'रेडपाण्डा संरक्षणका लागि मन्त्रालय र दातृ निकायका परियोजनामा कार्यक्रम प्रस्ताव गर्छौं।'

वि.सं. २०७३ मा विश्व वन्यजन्तु कोषको सहयोग तथा हरियो वन कार्यक्रमको आर्थिक सहयोगमार्फत रेडपाण्डा नेटवर्क र हिमाली संरक्षण मञ्चले खोजी अभियान सञ्चालन गरेको थियो। रेडपाण्डा नेटवर्कका अनुसन्धानकर्ता बद्री बरालका अनुसार यसअघि रेडपाण्डाको बासस्थान फेला पारे पनि प्रत्यक्ष देखिएको थिएन।

'आठ वर्षअघि लुलाङको मरेनी सामुदायिक वन, ढोरपाटन सिकार आरक्षको जलजला, गुर्जा र मुदीको जंगलमा हलुका रातो, सेतो र कालो रङको रेडपाण्डाको वासस्थान फेला पारे पनि प्रत्यक्ष देखिएको थिएन,' उनले भने, 'संरक्षणका लागि जनचेतनामूलक कार्यक्रमको प्रभावका कारण रेडपाण्डाको संख्या वृद्धि भएर देखिन थालेका हुन्।'

रेडपाण्डाका बासस्थान पहिचान गरेपछि तत्कालीन समयमा जिल्ला वन कार्यालय तथा स्थानीयसँगको सहकार्यमा गुर्जा र लुलाङका विद्यार्थी, समुदायलाई समेत सचेतनामूलक कार्यक्रमसहित रेडपाण्डाको महत्त्वबारेमा जानकारी गराइएको थियो। रातका समयमा रूखको टोड्कामा बास लिने र दिउँसो रूखका हाँगा बसी आराम गर्ने, भोक लागेको बेला निगालोको टुसालगायत झारपात खान भुइँमा झर्ने रेडपाण्डाको महत्त्वबारे जानकारी पाएपछि समुदायस्तरमा पनि संरक्षणमा चासो बढेको छ।

गुर्जा, लुलाङ र मुनाको जंगलमा रहेका रेडपाण्डाको गणना नभए पनि प्रशस्तै रहेको अनुमान गरिएको छ। विश्व वन्यजन्तु कोषको सहयोगमा हरियो वन कार्यक्रम र रेडपाण्डा नेटवर्कले धौलागिरि गाउँपालिकाको गुर्जा, लुलाङ र मुदीमा हाब्रेको वासस्थानको विषयमा अध्ययन भएको थियो।

धौलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले रेडपाण्डाको संरक्षणमा डिभिजन वन कार्यालय र संघ संस्थासँग समन्वय गरेर सचेतनामूलक अभियान सञ्चालन गरिने बताए। 'रेडपाण्डा जोगाउन समुदायलाई नै थप सक्रिय बनाउँछौं,' उनले भने, 'रेडपाण्डा अवलोकनका लागि पर्यटक भित्र्याउने सम्भावना पनि छ।' रेडपाण्डाका लागि आवश्यक आहारा निगालो तथा पालिंगो र टोट्का परेका रुख गूर्जा, लुलाङ र मुनाको जंगलमा पर्याप्त छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत रेडपाण्डालाई संरक्षितको सूचीमा राखिएको हो। रेडपाण्डा संरक्षण गर्न नेपाल सरकारले सन् २०१९ देखि २०२३ सम्म रेडपाण्डालाई पर्यटनसँगै जोडेर विशेष संरक्षण गर्ने नीति लिएको छ। रेडपाण्डाको चोरी सिकारमा संलग्नलाई एक वर्षदेखि १० वर्ष कैद र एक लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था छ।

पछिल्लो अध्ययनअनुसार हाब्रेको संख्या नेपालमा ५०० देखि एक हजार वटा रहेको अनुमान गरिए पनि २३७ वटाको मात्र यकीन भएको छ। विश्वमा नेपाल, चीन, भारत, भुटान र म्यानमारमा मात्र हाब्रेको बासस्थान छ। नेपालमा एलुरेन्स फच्युजन्स जातको हाब्रे रहेको छ। नेपालको २४ वटा जिल्लामा हाब्रे पाइने रेडपाण्डा नेटवर्कले जनाएको छ। *रासस*

# अन्नपूर्ण फेरोका २७ गाउँमा घरबास



■ **राम थापा**

**गण्डकी-** पदयात्राका लागि विश्वप्रसिद्ध गन्तव्य अन्नपूर्ण फेरोका २७ गाउँमा घरबास (होमस्टे) व्यवसाय सञ्चालनमा छ। बर्सेनि ठूलो संख्यामा देशविदेशका पर्यटकलाई ती घरबासले न्यानो आतिथ्यता प्रदान गर्दै आएका छन्। चित्रमय भूगोल, गाउँले रहनसहन, रैथाने खाना र आत्मीय आतिथ्य संस्कार घरबासका विशेषता हुन्।

हिमाली काखमा सजिएका ती घरबास गाउँ पर्यटकीय याममा आगन्तुकले भरिभराउ हुन्छन्। त्यहाँ पुग्ने जोकोहीले जैविक विविधता, हिमाली जनजीवन, सभ्यता र संस्कृतिको पनि आनन्द बटुल्न पाउँछन्। कोही पदयात्रा र कोही सडकमार्ग भएर घरबास गाउँ पुग्छन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का अनुसार उक्त क्षेत्रका ४०० भन्दा बढी घरले घरबास सेवा दिइरहेका छन्। कतिपय घरबास एकलरूपमा पनि चलिरहेका छन्।

दैनिक झण्डै दुई हजारभन्दा बढी पाहुना राख्नसक्ने क्षमता ती घरबासमा रहेको आयोजना प्रमुख डा. रविन कडरियाले जानकारी दिए। उनका अनुसार 'एक्याप'को इलाका संरक्षण कार्यालय ल्वाङ (कास्की)अन्तर्गत ल्वाङ गाउँका १२ घर, घलेलका सात घर, टुसेका २७ घर, मिर्साका १६ घर, काभ्रेका १२ घर र कोलेली गाउँका छ घरमा घरबास सेवा सञ्चालित छन्।

इलाका संरक्षण कार्यालय, सिक्लेसअन्तर्गत सिक्लेस गाउँका २४, ताङतिङमा १४, याङ्जाकोटमा १० र वार्चोकका ११ घरले उक्त सेवा दिइरहेका छन्। इलाका संरक्षण कार्यालय, घान्द्रुकअन्तर्गत साबेतमा १०, नारच्याङमा १५, खिवाङमा छ, इलाका संरक्षण कार्यालय, भुजुङअन्तर्गत घलेगाउँका ४३, घनपोखराका नौ, भुजुङका २८, सिउरुङका १९, पसगाउँका २२ र छापामिप्रामा १२ घरबास छन्।

यस्तै इलाका संरक्षण कार्यालय, मनाङअन्तर्गत ओडारमा १५, थानचोकमा १४, ताचैमा २६, इलाका संरक्षण कार्यालय, जोमसोमभित्र ठिनीमा ११ र लुब्रा गाउँका आठ घरबासले पर्यटकलाई सेवा दिँदै आएका छन्। इलाको संरक्षण कार्यालय, लोमान्थाङअन्तर्गत पर्ने मराङका पाँच, छोसेरका पाँच र जुङजुङका छ घरमा उक्त सेवा सञ्चालनमा छ।

अन्नपूर्ण संरक्षण क्षेत्रभित्र सञ्चालनमा रहेका घरबासलाई व्यवस्थापन तालिमलगायत विभिन्न सहयोगहरू प्रदान गर्दै आएको आयोजना प्रमुख डा. कडरियाले बताए। 'ग्रामीण पर्यटन विकासमा घरबासको ठूलो योगदान छ, गाउँलाई आर्थिक गतिविधिसँग यसले जोडेको छ,' उनले भने, 'घरबास सञ्चालनमा आएपछि स्थानीय उत्पादनको प्रवर्द्धनदेखि रोजगारी सिर्जनामा पनि मद्दत पुगेको छ।' पर्यटकीय राजधानी पोखरादेखि छोटो र लामो दूरीमा गन्तव्यमा अवस्थित घरबास गाउँ विशेषगरी आन्तरिक पर्यटकको बढी रोजाइमा पर्ने गरेका छन्। पछिल्लो समयमा नेपालमा बढीरहेको घुम्ने संस्कृतिले पनि घरबास पर्यटनलाई टेवा पुर्‍याइरहेको छ।

कास्कीको माछापूछ्रे गाउँपालिका-८ स्थित ल्वाङ सामुदायिक घरबास व्यवस्थापन समितिकी अध्यक्ष मञ्जु गुरुङले एकै रातमा ४०० सम्म पाहुना राख्ने क्षमता ल्वाङ गाउँका घरबासमा रहेको जानकारी दिइन्। 'यहाँ मुख्य गरी आउने भनेको आन्तरिक पर्यटक नै हो, कोभिड-१९ महामारीपछि विदेशी पाहुनको संख्या केही घटेको छ,' उनले भनिन्, 'पोखरादेखि नजिकको दूरीमा भएकाले पनि आउजाउ सहज छ, घुमफिरका लागि जुनसुकै मौसममा ल्वाङ गाउँ उपयुक्त छ।'

गुजुमुज्ज परेको गुरुङ बस्तीले ल्वाङको आकर्षण थपेको छ। ल्वाङमा सेतो र गेरु रङ पोतिएका एकनासे घर छन्। घरको छाना, आँगन र बाटोमा पनि ढुंगा बिछ्याइएको छ। परम्परागत घरले पहाडी वास्तुकलाको झल्को दिन्छन्। प्रकृति र संस्कृतिको अनुपमस्थल ल्वाङ गाउँ ग्रामीण पर्यटन आकर्षक गन्तव्यका रूपमा परिचित छ। वि.सं. २०६७ मा घरबास सञ्चालनमा आएपछि ल्वाङ ग्रामीण पर्यटनमा फड्को मारेको घरबास व्यवस्थापन समितिकी अध्यक्ष गुरुङले बताइन्।

समुद्री सतहदेखि १४ सय मिटरको उचाइमा अवस्थित यो गाउँबाट माछापुच्छ्रे, अन्नपूर्णलगायत हिमाली चुचुरोमा देखिने सूर्योदयको दृश्य लोभलाग्दो हुन्छ। गुरुङ संस्कृतिको अध्ययन, अनुसन्धानका लागि देशीविदेशी अध्यताहरूसमेत ल्वाङ गाउँ पुग्ने गरेका छन्। स्थानीयले पाहुनालाई गुरुङ संस्कृति र संस्कार देखाउने गरेका छन्। रैथाने खाना चखाउने, करेसाबारीमा लगेर खेती गर्ने तरिका सिकाउने, भान्साको परिकार बनाउने विधि पनि सिकाउने गरिन्छ। निगालोबाट बन्ने डोको, सेखुजस्ता घरेलु उत्पादनका सामग्री पनि पर्यटकलाई चिनाउने गरिएको छ।

घरबासको भान्सामा गाउँमै उत्पादन हुने अन्न र तरकारीबालीको प्रयोग गर्ने गरिएको छ। ल्वाङ गाउँमा पर्यटकले एकदेखि दुई रातसम्म बिताउने गरेका छन्। अन्नपूर्ण आधार शिविर र मर्दी पदयात्रामा जानेहरू पनि ल्वाङ गाउँमा विश्राम गरेर बाटो लाग्छन्। चलचित्रको छायांकनका लागि पनि ल्वाङ गाउँ रोजाइमा पर्ने गरेको छ। 'प्रसाद-२,' 'दुई नम्बरी' लगायतका चलचित्रको छायाँकन यही गाउँमा भएको थियो।

गाउँको सिरानमा रहेको चियाबारी त्यहाँको अर्को पर्यटकीय आकर्षण हो। एक हजार २०० रोपनीमा फैलिएको चियाबारीले इलामको झल्को दिन्छ। चियाबारीको अवलोकनका लागि पनि पर्यटक त्यहाँ पुग्छन्। ल्वाङ गाउँको चिया युरोपसम्म निर्यात हुँदै आएको छ। ल्वाङजस्तै यहाँका अन्य घरबास गाउँ पनि आफ्नै विशेषतासहित आन्तरिक तथा बाह्य पर्यटकमाझ चिनिएका छन्। घरबास सँगसँगै ती क्षेत्रमा होटल व्यवसाय पनि फस्टाएको छ। सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको 'एक्याप'मा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा समेटिएका छन्।

अन्नपूर्ण चक्रीय पदमार्ग पदयात्राका लागि विश्वमाझ चिनिएको गन्तव्य हो। यस क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता, संस्कृति आदि कारणले पर्यटकको रोजाइमा पर्ने गरेको छ। गत आर्थिक वर्ष २०८०/८१ मा मात्र दुई लाख २२ हजार १८० विदेशी पर्यटकले यस क्षेत्रको भ्रमण गरेका थिए।

प्रदेश सरकार र स्थानीय तहले पनि अन्नपूर्ण क्षेत्रभित्र सञ्चालित सामुदायिक घरबास प्रवर्द्धनमा सघाउँदै आएका छन्। गण्डकी प्रदेश सरकारले सामुदायिक घरबास प्रवर्द्धनलाई गौरवको आयोजनाका समेटी घरबास व्यवसायीहरूलाई बर्सेनि अनुदान उपलब्ध गराउँदै आएको छ। चालु आवमा पनि गण्डकी प्रदेश घरबास व्यवसाय फस्टाएको क्षेत्र हो। अन्नपूर्ण संरक्षण क्षेत्रबाहिर पनि चल्तीका घरबास छन्। नेपालकै पहिलो स्याङ्जाको सिरुबारी घरबास पनि यसै प्रदेशमा पर्छ। *रासस*

# हुम्ला र बाजुरामा हिमपात



**सिमकोट (हुम्ला)-** हिमाली जिल्ला हुम्लामा यस वर्ष पहिलोपटक हिमपात भएको छ। आइतबार साँझदेखि मौसममा आएको फेरबदलका साथै दिउँसो हावाहुरी सुरु भएपछि आइतबार रातिदेखि हिमपात सुरु भएको हो।

सोमबार बिहानसम्म सदरमुकाम सिमकोटमा तीन इन्च हिउँ जमेको थियो। उत्तरी नाम्खा गाउँपालिकाको उच्च भेगमा रहेको लिमीलगायतका क्षेत्रमा एक फिट हिउँ जमेको लिमी स्वास्थ्यचौकीमा कार्यरत लोग बोहराले बताए। यस वर्ष ढिलागरी जिल्लामा हिमपात सुरु भएसँगै यहाँका किसान खुसी भएका छन्। हुम्लीवासीले हिमपातपछि मौसम ठीक हुने र खेती सप्रिने विश्वाससमेत राखेका छन्। हिमपातले गहुँ, जौ र उवा खेतीलाई राम्रो हुने भन्दै जिल्लाका किसान खुसी भएका छन्।

हिमपातपछि सदरमुकाम सिमकोट र आसपासका डाँडाकाँडा सेताम्मे भएका छन् भने जनजीवन प्रभावित भएको छ। उत्तरी नाम्खाका चाला, लिमी, हिल्सा, यारीलगायतका क्षेत्रको जनजीवन प्रभावित भएको छ। हिमपातसँगै चिसो बढेको छ भने हुम्लाको तापक्रम यसअघि नै माइनसमा झरिसकेको छ।

### बाजुरामा वर्षासँगै हिमपात

बाजुरामा पनि आइतबार रातिदेखि वर्षासँगै हिमपात सुरु भएको छ। मौसम बदली भएर वर्षा सुरु भएसँगै लेकाली भेगमा हिमपात सुरु भएको हो। हिमपात सुरु भएसँगै जिल्लामा चिसो बढेको छ।

हिमाली गाउँपालिकाको बिच्छ्या, रुगिन, बाँधु, स्वामीकार्तिकको जुकोट, जगन्नाथ गाउँपालिकाको गोत्री क्षेत्रमा हिमपात सुरु भएको वडा नं ६ का स्थानीय जयप्रसाद पाण्डेले बताए।

यसैगरी गौमुलको दहकोट, मानाकोट, बूढीनन्दाको कुरु, पाण्डुसैन, खप्तड छेडेदहको काँडा, जयबागेश्वरी, बडीमालिका रजाली, मार्तडी, ढम्कनेलगायत क्षेत्रका अग्ला भागमा हिमपातले डाँडा सेताम्मे भएका छन्।

यहाँको धार्मिक तथा पर्यटकीय क्षेत्र बडीमालिका, पोरखे लेक, कालाजग्रा, दह डाँडा, बडालेख, खप्तड राष्ट्रिय निकुञ्जमा पनि हिमपातले छोपेको छ। सदरमुकाम मार्तडी आसपासमा पनि हिमपात भएको बडीमालिका-३ का स्थानीय कमल रावलले बताए।

वर्षासँगै हिमपात भएपछि कृषक खुसी भएका छन्। गहुँ बालीमा पानी नपर्दा सुक्न थालेका बेला वर्षा आएपछि किसानलाई राहत पुगेको कृषि ज्ञान केन्द्र बाजुराले जनाएको छ। *रासस*


**मोटरसाइकल हराएको सूचना**

मिति २०८१।०८।०७ गते काठमाडौं, गोंगबु स्थित लाहुरे दोहोरीको पार्किङबाट कालो, रातो रङ्गको 220 cc Pulsar मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।

**नाम : सुजन वाईबा**
**बाइक नं.: बा.प्र. ०२-०५१ प ६८७४**
**च्यासिस नं.: MD2A13EX9RCB-81133**
**इन्जिन नं. : DKXCRB-19338**
**ठेगाना: किस्पाङ -१, नुवाकोट**
**सम्पर्क: ९७४५६६३७६३**

**भूलसुधार**

प्रभाव दैनिक, अंक २२३ मिति: २०८१/०८/२४ गते प्रकाशित **श्री सैनिक कमाण्ड तथा स्टाफ कलेज, शिवपुरी ब्यारेक काठमाडौंको मोटर ग्यारेज निर्माण सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचनामा सिलबन्दी दरभाउपत्रको दस्तुर रु. १,०००।** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सरोकारवालाहरु सबैमा जानकारी गराइन्छ।

**कुवेतमा रोजगार** कम्पनी : **KUPON GENERAL TRADING** सच्याइएको

पूर्व स्वीकृति मिति : २०८०/०२/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१८ | LT. No. 286780 | चलानी नं. ६०२०२१४५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | sales lady | 0 | 8 | 120 | ५२,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १ गते (16th Dec. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**रिलायन्ट टेक्नो नेटवर्किङ्ग प्रा. लि. ( लिक्वीडेशन)**
**सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन बमोजिम मिति २०७१।१०।१४ मा दर्ता भएको प्रा.लि.नं. १३१६४३ को रिलायन्ट टेक्नो नेटवर्किङ्ग प्रा.लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८१।०८।१४ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सरोज दाहाल/ लिक्वीडेटर**
**इजाजत पत्र न. ३५३/ मो.नं. ९८५१२११००२**

**बहराइनमा रोजगार** कम्पनी : **TYLOS PUBLISHING & PRESS**

पूर्व स्वीकृति मिति : २०८१/०८/२४ | LT. No. 315168 | चलानी नं. ६०२२९४६४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | BD | ने.रू. | | | | | | | |
| 1 | Packing & Wrapping WORKER | 10 | 0 | 120 | ४३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २ गते (17th Dec. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Eminence Recruitment International Pvt Ltd**
Bhimsengola-31, Prayagmarg, Kathmandu Tel No: 01-4110036, 4110040, 9851164154, 9849964370
9803193977, Branch Office Chitwan (9855063454, 9806595102, Email : Info@eminencenepal.com, Website : Ww.eminencenepal.com
Govt. License No. 1569/079/80

**मधेश प्रदेश सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**प्रदेश स्वास्थ्य तालिम केन्द्र**

**प्रदेश स्वास्थ्य तालिम केन्द्रको अत्यन्त जरुरी सूचना**

राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र तथा प्रदेश स्वास्थ्य तालिम केन्द्रबाट नियमित रूपमा विभिन्न विषयका प्रशिक्षक तयार गर्दै गरेको तर आवश्यक परेको समयमा प्रशिक्षक उपलब्ध हुन कठिनाई भएकोले प्रशिक्षकको रोस्टर बनाउन आवश्यक रहेको छ। तालिम प्रशिक्षकको रोस्टरमा नाम समावेस गर्न निवेदन प्राप्त भए पश्चात राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट तोकिएको मापदण्डको आधारमा रोस्टरमा समावेश गर्न सकिने भएकोले यो सूचना प्रकाशन भएको १५ दिन भित्र यस प्रदेश भरीका सबै प्रशिक्षकहरूले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार गरेको रजिस्ट्रेसन फारम भरी निवेदन सहित यस केन्द्रमा पठाउन अनुरोध छ।

रजिस्ट्रेसन फरम www.nhtc.gov.np बाट डाउनलोड गर्न सकिन्छ।

प्रदेश स्वास्थ्य तालिम केन्द्र
मधेश प्रदेश,
पथलैया बारा

प्रभाव दैनिक

रूपशाला

मंगलबार, २५ मंसिर २०८१ (Tuesday, December 10, 2024)

### आयुष र एलिजेको टिकटक गायब !

चर्चित टिकटकर आयुषसिंह ठकुरी र एलिजे जमाली टिकटकबाट गायब भएका छन् । उनीहरू आफैले एकाउन्ट डिएक्टिभ गरेका हुन् कि टिकटकले खातालाई प्रतिबन्ध लगाएको हो, यो भने खुलेको छैन । सोमबारदेखि टिकटक प्लाटफर्ममा उनीहरूको एकाउन्ट देखिएको छैन । नेपालका ठकुरीलाई टिकटकमा १३ लाखले पछ्याएका थिए भने पाकिस्तानकी युवती जमालीलाई २२ लाखले पछ्याएका थिए ।



# 'वैशाखबाट रियल टाइम बक्स अफिस सिस्टम लागू हुन्छ'




**काठमाडौं (प्रस)**– चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले आगामी वैशाख एकबाट रियल टाइम बक्स अफिस सिस्टम लागु हुने बताएका छन् । यो बक्स अफिसले चलचित्र क्षेत्रलाई व्यवस्थित गर्न मद्दत पुग्ने उनको भनाइ छ ।

राजधानीमा आयोजित एक कार्यक्रममा अध्यक्ष डिसीले अब स्टुडियो निर्माणको काम पनि अगाडि बढ्ने बताए । 'सातदेखि १० दिनभित्रमा स्टुडियोको टेन्डर खोल्दै छौं । यो पहिलादेखि रोकिएको थियो', डिसीले भने 'यो बिचमा २१ वटा सिनेमा हलहरूलाई कानुनको दायरामा ल्याउने काम हुन्छ ।' डिसीले चलचित्र क्षेत्रमा देखिएका विविध समस्या समाधान गर्न आफूलाई सबैको साथ आवश्यक रहेको बताए । बोर्डले यसअघि बक्स अफिस सिस्टम लागु गरेर कुन चलचित्रले कति व्यापार गऱ्यो भनेर सार्वजनिक गर्दै आएको थियो । तर, चलचित्र निर्माताहरूले आफ्नो फिल्मको व्यापार सार्वजनिक गरिदिएको भन्दै गुनासो गरेपछि तत्कालीन बोर्ड अध्यक्ष भुवन केसीले बक्स अफिस रिपोर्ट सार्वजनिक गर्न रोकिदिएका थिए । त्यसपछि बक्स अफिसको कुरा गर्दा सिस्टम बिग्रिएको भन्ने गरिन्छ ।

# 'सोल्टिनी'मा प्रकाश र परीक्षाको जोडी

■ प्रभाव संवाददाता

**काठमाडौं** – चलचित्र 'रङ्गेली'का निर्देशक अर्जुन सुवेदीले नयाँ फिल्म 'सोल्टिनी' घोषणा गरेका छन् । परिचयात्मक भिडियोमार्फत चलचित्रका विषयवस्तु र पात्र प्रस्तुत गर्दै निर्माण जानकारी दिइएको हो । भिडियोमा चर्चित कथा वाचक साइग्रेस पोखरेलको मार्मिक कथा वाचन छ ।

प्रकाश सपुत र परीक्षा लिम्बुको मुख्य भूमिका रहने चलचित्रमा सपुतले 'भीमसेन पोखरेल' को भूमिका निर्वाह गर्ने भनेका छन् । लिम्बुले 'दिलासा राई' को भूमिका निभाउँदै छिन् । चलचित्रमा अपुरो प्रेमको गहिरो कथामा निर्माण हुन लागेको हो ।

प्लानेट थ्री फिल्मसको प्रस्तुति तथा नेपसिनेको र योलो इन्टरटेन्मेन्टको सहकार्यमा बन्न लागेको चलचित्र पुस १५ देखि फ्लोरमा निस्कनेछ । यतिबेला चलचित्रका कलाकार र प्राविधिक टोलीको वर्कसपमा छन् ।

चलचित्रको रिलिज मिति २०८२ असोज ३ गते संविधान दिवस भनिएको छ ।



# दार्जीलिङमा 'बम बहादुर' को प्रिमियर

**काठमाडौं (प्रस)**– आगामी पुस ५ गतेबाट रिलिज हुने नेपाली चलचित्र 'बम बहादुर'को प्रिमियर भारतको दार्जिलिङमा गरिएको छ । नेपाल र भारतमा एकसाथ रिलिज हुन लागेको फिल्मको कथा दार्जिलिङकै भएकोले प्रिमियर त्यही गरिएको निर्माण युनिटले जनाएको हो ।



दार्जिलिङको गोर्खा रङ्गमञ्च भवनमा चलचित्र प्रिमियर आयोजना भएको थियो । प्रिमियरमा कलाकार र निर्माण युनिटको पनि सहभागिता थियो । चलचित्रका निर्माता सञ्जीव सार्की हुन् ।

जोन राईको निर्देशन रहेको प्रिमियरमा निर्माताले कलाकार र चलचित्रका टिमका सदस्यलाई सम्मान गरेको थियो । चलचित्रमा सौगात मल्ल, अनिशा रसाइली, अजय प्रधान, शान्तिला तामाङ, बाल कलाकार वशिष्ठ कार्की, प्रभात पाखिन, बादल क्षेत्री लगायतको अभिनय छ ।

'बम बहादुर'ले भारतका नेपाली, विशेष गरी दार्जिलिङ पहाड र छिमेकी क्षेत्र डुअर्समा बसोबास गर्ने नेपाली समुदायको सङ्घर्षका पलहरूमा आधारित सन्देशमूलक र ऐतिहासिक सङ्घर्षलाई चित्रण गरेको छ । प्रिमियरमा सहभागी दर्शकले चलचित्र मार्मिक र जीवन्त रहेको प्रतिक्रिया दिएका छन् ।

# 'दु:खी आत्मा'मा कवि मुकारुङका कविता, दयाहाङको अभिनय

**काठमाडौं (प्रस)**– चर्चित कवि श्रवण मुकारुङका कविता अब फिल्ममा पनि सुन्न पाइने भएको छ । कवि मुकारुङले फिल्म 'दु:खी आत्मा' का लागि विभिन्न शीर्षकका १० वटा कविता लेखेका छन् । दीपेन्द्र लामा लिखित तथा निर्देशित 'दु:खी आत्मा' को पटकथा अनुसार कवि मुकारुङले रचेका ती कविता फिल्मभित्र सिच्युसन अनुसार राखिएको छ ।

माथि माथि शैलुङगेमा, तिमी तारेभीर, राई माइलाले गाउँ छोड्यो रे.. जस्ता बहुचर्चित गीतका रचनाकार मुकारुङले आफू 'दुखी आत्मा मा फुलटाइमर कविका रूपमा आबद्ध हुन पाएकोमा खुसी व्यक्त गरेका छन् । 'चलचित्रका फराकिला दर्शक समूहमाझ कविता पुग्नु कुनै पनि स्रष्टाका लागि उत्साहजनक हो,' उनी भन्छन्- 'म आफ्ना कवितालाई फरक प्लेटफर्ममा हेर्न आतुर छु ।'

फिल्मको प्रमुख पात्रको मनोविज्ञान र यसअघि मुकारुङले लेखेका कविताहरूको स्वभावबिच एकरूपता पाइएकोले उनलाई कविता रच्न लगाइएको निर्देशक लामाले प्रस्ट्याए । उनले भने- 'कवि मुकारुङका कविताले फिल्मको कलात्मक उचाइ र कथाको आयामलाई बढाउने काम गरेको छ । पात्रको कतिपय भाव र सोचाइलाई संवाद वा दृश्यमार्फत प्रस्तुत गर्न गाह्रो हुन्छ, त्यसैले यसमा कविताको सहारा लिइएको हो ।'

निर्देशक लामा मुकारुङका कविताहरूले आफ्नो फिल्मको पात्र र परिवेशलाई न्याय मिल्ने बताउँछन् । मुकारुङका अधिकांश कविता 'दु:खी आत्मा' का प्रमुख अभिनेता दयाहाङ राई माथि फिचरिङ छ ।

क्लक वर्क क्रियसनको ब्यानरमा हिमाल कडरियाको निर्माण अनि सुदिप ढकाल कार्यकारी निर्माता रहेको फिल्ममा दयाहाङ राई, आँचल शर्मा, अनुपविक्रम शाही, बुद्धि तामाङ, रेयर राईलगायत कलाकार मुख्य भूमिकामा छन् । आलोक शुक्लाले खिचेको फिल्म भ्यालेन्टाइन्स डेको अवसरमा २ फागुनबाट प्रदर्शन हुँदैछ । फिल्मलाई आरआर फिल्मस्ले वितरण गर्दैछ । फिल्मको हाल सम्पादन कार्य जारी छ ।



**एनपिएल क्रिकेट**

# लुम्बिनीको परीक्षा चितवनसँग

## कर्णाली याक्स र पोखरा एभेञ्जर्सबीच दोस्रो खेल

■ प्रभाव संवाददाता

**काठमाडौं** – राजधानीमा जारी नेपाल प्रिमियर लिग (एनपिएल) को मंगलबारको खेलमा दुई टोली भिड्ने भएका छन् ।

पहिलो खेलमा प्रतियोगिताकै बलियो मानिएको सुदूरपश्चिमलाई पराजित गरेको कुशल मल्लको कप्तानीमा रहेको चितवन राइनोज्ले प्रतियोगितामा लगातार चौथो हार ब्यहोरेको लुम्बिनी लायन्ससँग प्रतिस्पर्धा गर्दैछ । त्यस्तै दोस्रो खेलमा कर्णाली याक्स र पोखरा एभेन्जर्स भिड्दैछन् ।



सोमबार एनपिएलको ब्रेक डे राखिएको थियो । त्यसअघि आइतबारसम्म १५ खेल सम्पन्न भएका छन् । यही मङ्सिर १५ गतेदेखि सुरु भएको एनपिएलमा जनकपुर बोल्ट्स अपराजित रहँदै अंक तालिकामा शीर्ष स्थानमा रहेको छ । उसले चार खेलबाट आठ अंक जोडेको छ ।

त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा जारी एनपिएलमा हालसम्मको खेल प्रदर्शनका आधारमा सबैभन्दा बलियो जनकपुर बोल्ट्स देखिएको छ । जनकपुर बोल्टस्ले उद्घाटन खेलमै विराटनगर किंग्सलाई आठ विकेटले पराजित गरेको थियो । दोस्रो खेलमा कर्णाली याक्सलाई आठ विकेटले नै हराएको थियो । तेस्रो खेलमा पोखरा एभेन्जर्सलाई सात विकेटले हराएको जनकपुरले चौथो खेलमा लुम्बिनी लायन्सलाई एक रनले पराजित गर्दै जितको यात्रालाई कायमै राखेको छ ।

यसैगरी जारी एनपिएलमा चार खेल खेलेको सुदूरपश्चिम रोयल्स तीनमा जित तथा एउटा खेलमा हारका साथ दोस्रो स्थानमा छ । यसले चार खेलबाट ६ अंक जोडेको छ । सुदूरपश्चिम रोयल्सले पहिलो खेलमा विराटनगरलाई ९० रनले, दोस्रो खेलमा काठमाडौं गुर्खाजलाई ७३ रनले तथा तेस्रो खेलमा लुम्बिनी लायन्सलाई ४५ रनले पराजित गरेको थियो । चौथो खेलमा भने सुदूरपश्चिम रोयल्स चितवन राइनोजसँग ३३ रनले हारेको थियो ।

यस्तै चितवन राइनोज अंक तालिकाको तेस्रो स्थानमा छ । उसले हालसम्म चार खेल खेलेको छ । तीनमा जित र एउटामा हार बेहोरेको चितवन राइनोजको ६ अंक छ । चितवन राइनोजले पहिलो खेलमा काठमाडौं गुर्खाजलाई पाँच विकेटले तथा दोस्रो खेलमा पोखरा एभेन्जर्सलाई ८७ रनले हराएको थियो । तेस्रो खेलमा कर्णाली याक्ससँग ६ विकेटले हारेको चितवन राइनोजले चौथो खेलमा सुदूरपश्चिम रोयल्सलाई ३३ रनले हराएको थियो ।

कर्णाली याक्सले मध्यम प्रदर्शन गरेको छ । कर्णाली याक्सले चार खेलमा दुईमा जित र दुईमा हार बेहोर्दै चार अंक जोडेको छ । कर्णाली चौथो स्थानमा छ । कर्णाली पहिलो खेलमा जनकपुरसँग आठ विकेटले र दोस्रो खेलमा काठमाडौं गुर्खाजसँग तीन विकेटले हारेको थियो । कर्णालीले तेस्रो खेलमा चितवनलाई ६ विकेटले तथा चौथो खेलमा विराटनगरलाई सात रनले हराएको थियो ।

पोखरा एभेन्जर्स दुई अंकसहित पाँचौं स्थानमा छ । उसले तीन खेलमा एकमा जित दुईमा बेहोरेको छ । पोखरा पहिलो खेलमा चितवनसँग ८७ रनले र दोस्रो खेलमा जनकपुरसँग सात विकेटले पराजित भएको थियो । तेस्रो खेलमा पोखराले लुम्बिनी लायन्सलाई १० विकेटले हराएको थियो ।

काठमाडौं गुर्खाज दुई अंकसहित छैटौं स्थानमा छ । काठमाडौं पहिलो खेलमा चितवनसँग पाँच विकेटले हारेको थियो । दोस्रो खेलमा कर्णालीलाई तीन विकेटले हराएको काठमाडौं तेस्रो खेलमा सुदूरपश्चिमसँग ७२ रनले पराजित भएको थियो ।

विराटनगर किंग्स दुई अंकका साथ सातौं स्थानमा छ । विराटनगरले तीन खेलमा हार तथा एउटामा मात्र जित निकालेको थियो । पहिलो खेलमा विराटनगर जनकपुरसँग आठ विकेटले हारेको थियो । दोस्रो खेलमा सुदूरपश्चिमसँग ९० रनले हारेको विराटनगरले तेस्रो खेलमा भने लुम्बिनीलाई दुई विकेटले पराजित गरेको थियो । चौथो खेलमा विराटनगर कर्णालीसँग सात रनले हारेको थियो ।

लुम्बिनी लायन्स चारवटै हेलमा हार बेहोर्दै अंक तालिकाको पुछारमा छ । लुम्बिनी पहिलो खेलमा विराटनगरसँग दुई विकेटले, दोस्रो खेलमा पोखरासँग १० विकेटले, तेस्रो खेलमा सुदूरपश्चिमसँग ४५ रनले तथा चौथो खेलमा जनकपुरसँग एक रनले पराजित भएको थियो ।

# पूजाको कप्तानीमा नेपाली टिम घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाल क्रिकेट संघ (क्यान)ले पूजा महतोको कप्तानीमा एसिसी महिला यु-१९ एसिया कप खेल्ने टोलीको घोषणा गरेको छ । क्यानले सोमबार १५ सदस्सीय टोलीको घोषणा गरेको हो। टोलीमा नेपाललाई विश्वकपमा पुऱ्याएका अधिकांश खेलाडीले नै निरन्तरता पाएका छन् । टोलीको उपकप्तानी सोनी पाखिनले गर्नेछिन् ।

टोलीमा ओपनर साना प्रभिनसँगै सावित्री धामी, मध्यक्रमकी अलिशा यादव, कृष्मा गुरुङ, ज्योत्स्निका मरासिनीले पनि निरन्तरता पाएकी छन् । यस्तै, बलर सिमना केसी, रिया शर्मा, रचनाकुमारी चौधरी, तिर्सना विश्वकर्माले पनि स्थान बनाएकी छन् ।

यस्तै, कुशुम गोद्दार, किरणकुमारी कुँवर र अनु कडायतलाई पनि टोलीमा समावेश गरिएको छ । नेपाल रहेको समूहमा भारत र पाकिस्तान छन् । नेपालले पहिलो खेल डिसेम्बर १६ मा पाकिस्तानसँग खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछ । त्यसको भोलिपल्ट नै भारतसँग खेल्ने तय छ ।




# सूर्य नेपाल काठमाडौं ओपन आजदेखि

■ प्रभाव संवाददाता

**काठमाडौं** – सूर्य नेपाल गल्फ टुर २०२४/२५ अन्तर्गत दोस्रो प्रतियोगिता सूर्य नेपाल काठमाडौं ओपन मंगलवारदेखि रोयल नेपाल गल्फ क्लबमा सुरू हुँदैछ । ७२ होलको चार दिने प्रतियोगितामा ३३ प्रोफेसनल र १२ एमेच्योर गरी ४५ खेलाडीले प्रतिस्पर्धा गर्दैछन् ।

प्रतियोगिताको कुल पुरस्कार राशी ७ लाख ३५ हजार नगद पुरस्कार राशी रहेको नेपाल प्रोफेसनल गल्फर्स संघ (पिजिए नेपाल) का महासचिव दिपक आचार्यले जानकारी दिए ।

विजेताले १ लाख ५० हजार प्राप्त गर्नेछ । दोस्रो र तेस्रो हुने खेलाडीहरूले क्रमश ८५ हजार र ६८ हजार नगद पुरस्कार हात पार्नेछन् । चौथो हुनेले ५५ हजार र पाँचौं हुनेले ४८ हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । ३६ होलको समाप्तीमा कट लागु हुनेछ ।




उत्कृष्ट २१ प्रोफेसनल गल्फर तथा प्रो-कट बनाउने एमेच्योरले अन्तिम दुई दिनको लागि स्थान वनाउने छन् । कट बनाउने सबै प्रो गल्फरले नगद पुरस्कार हात पार्नेछन् ।

डिफेन्डिङ च्याम्पियन निरज तामाङ, नेपाल नम्बर एक प्रो भुवन नगरकोटी, रवि खड्का र दिनेश प्रजापति प्रमुख दाबेदार खेलाडी हुन् । उनीहरूलाई पछिल्लो प्रतियोगिताको विजेता एमेच्योर खेलाडी राहुल विश्वकर्मा र नेपाल नम्बर एक एमेच्योर सदभाव आचार्यले कडा चुनौती दिने अनुमान गरिएको छ ।

नेपाल प्रोफेसनल गल्फर्स संघ (एनपिजिए) का अध्यक्ष रविन्द्रमान श्रेष्ठले यस प्रतियोगितामा खेलाडीहरूको प्रभावशाली स्कोर आउनेमा विश्वस्त रहेको बताए । साथै उनले प्रायोजक, सूर्य नेपाललाई निरन्तर सहयोगको लागि धन्यवाद दिए ।



हंगेरीको बुडापेस्टमा वार्षिकरूपमा आयोजना हुने सान्ता दौडअन्तर्गत आइतबार आयोजित दौडमा सान्ता क्लजको पोसाक लगाएर सहभागी भएका मानिसहरू । *तस्बिरः सिन्ह्वा*

# रूसमा असद भए नभएको पुष्टि गर्न क्रेमलिनद्वारा अस्वीकार

**मस्को-** सिरियाली राष्ट्रपति बसर अल असद भागेर मस्को पुगेको भन्ने समाचारको पुष्टि गर्न क्रेमलिनले सोमबार अस्वीकार गरेको छ । क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले पत्रकारसँग भने, 'असद कहाँ छन् भन्ने बारेमा मैले तपाईंलाई केही भन्न सक्दिनँ ।'

कुर्दिश इस्लामवादी नेतृत्वको विद्रोही समूह दमास्कसमा प्रवेश गरेपछि देश छोडेर भागेको केही घण्टापछि नै असद र उनको परिवार मस्कोमा रहेको क्रेमलिन स्रोतले आइतबार रूसी समाचार निकायलाई जानकारी दिएको छ । असदका छोरा रूसको राजधानी मस्कोमा अध्ययन गरिरहेका छन् ।

'यदि रूसले असद र उनको परिवारलाई शरण दियो भने यो रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले लिने निर्णय हुने छ,' पेस्कोभले सोमबार भने, 'राष्ट्रप्रमुखविना यस्ता निर्णय गर्न सकिँदैन र यो उनको निर्णय हो ।' उनले पुटिनको एजेण्डामा असदसँग कुनै भेटघाट गर्ने कार्यक्रम नभएको बताए ।

रूसले युक्रेनका पूर्वराष्ट्रपति भिक्टर यानुकोभिचसहित कयौं अपदस्थ नेतालाई आश्रय दिएको छ । पछिल्ला केही दिनयता सिरियामा भएका नाटकीय घटनाबारे संक्षिप्त टिप्पणी गर्दै पेस्कोभले क्रेमलिन आश्चर्यचकित भएको बताएका छन् । उनले भने, 'जे भयो, त्यसले पूरै विश्वलाई आश्चर्यचकित बनाएको छ र यस मामिलामा हामी पनि यसको अपवाद होइनौं ।'

रूसले सिरियामा रणनीतिकरूपमा महत्त्वपूर्ण सैन्य र नौसैनिक शिविरहरू राखेको छ, जहाँबाट उसले सन् २०१५ मा असदको पक्षमा सैन्य हस्तक्षेप सुरु गरेको थियो । पेस्कोभले भने, 'अब सिरियामा अस्थिरताका कारण निकै जटिल समय आउने छ ।'

रूसको सैन्य अखडाको अवस्था के हुन्छ भन्ने प्रश्नमा उनले भने, 'अहिले नै केही भन्न सकिने अवस्था छैन । यो सिरियामा सत्तामा रहने जो कोहीसँग छलफलको विषय हो ।' क्रेमलिनका प्रवक्ताले ती अखडाको सुरक्षा निकै महत्त्वपूर्ण रहेको बताएका छन् । उनले भने, 'हामी सुरक्षा प्रदान गर्न सक्ने व्यक्तिसँग सम्पर्क गर्न सम्भव र आवश्यक सबै काम गरिरहेका छौं । हाम्रो सेनाले पनि सावधानीका उपायहरू अपनाइरहेको छ ।'

क्रेमलिन स्रोतलाई उद्धृत गर्दै रुसी समाचार एजेन्सीहरूले आइतबार असदलाई सत्ताच्युत गर्ने विद्रोहीहरूले 'सिरियाको भूमिमा रुसी सैन्य अड्डा र कूटनीतिक संस्थाहरूको सुरक्षाको प्रत्याभूति' दिएको बताएका थिए । मस्कोस्थित सिरियाली दूतावासले सोमबार उक्त भवनमा विपक्षीको झण्डा फहराएको थियो भने एक प्रवक्ताले उक्त कार्यालयबाट सामान्य रूपमा सेवा सञ्चालन भइरहेको बताएका छन् । *रासस/एएफपी*

# सिरियाको भविष्य सिरियालीले निर्धारण गर्ने छ : राष्ट्रसंघ प्रमुख

**संयुक्त राष्ट्रसंघ-** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सिरियाको भविष्य सिरियाली जनताले निर्धारण गर्ने विषय भएको बताएका छन् । उनले सिरियामा व्यवस्थित राजनीतिक संक्रमण सुनिश्चित गर्न धेरै काम गर्न बाँकी रहेको उल्लेख गरे ।



राष्ट्रसंघका प्रमुखले 'यस संवेदनशील घडीमा शान्ति कायम गर्न र हिंसाबाट बच्न र सबै सिरियाली नागरिकको अधिकारको रक्षा गर्न' आफ्नो आह्वान दोहोर्‍याए। कूटनीतिक तथा कन्सुलर परिसर र कर्मचारीको सुरक्षालाई अन्तर्राष्ट्रिय कानुनअनुसार सबै अवस्थामा सम्मान गर्नुपर्ने उनको भनाइ थियो ।

उनले भने, 'कुनै पनि राजनीतिक संक्रमण समावेशी र व्यापक छ र यसले सिरियाका जनताको सबै विविधतामा वैध आकांक्षाहरू पूरा गर्दछ भन्ने सुनिश्चित गर्न हामीलाई अन्तर्राष्ट्रिय समुदायको समर्थन को आवश्यकता हुने छ ।'

'सिरियाको सार्वभौमिकता, एकता, स्वतन्त्रता र क्षेत्रीय अखण्डतालाई पुनःस्थापित गर्नु आजको पहिलो आवश्यकतामा पर्छ,' गुटेरेसले भने ।

संयुक्त राष्ट्रसंघले यस द्वन्द्वको चपेटामा परेकाहरूको स्मृतिको सम्मान गर्ने बताउँदै उनले सिरियालीहरूलाई मेलमिलाप, न्याय, स्वतन्त्रता र समृद्धि सबैका लागि साझा वास्तविकता भएको देश निर्माण गर्न सहयोग गर्न आफूहरू प्रतिबद्ध रहेको बताए । यो सिरियामा दिगो शान्तिको मार्ग हो । *रासस/एएएफपी*

# फिलिपिन्समा ज्वालामुखी विष्फोट, प्रभावित क्षेत्र खाली गरिँदै

**मनिला-** मध्य फिलिपिन्समा सोमबार ज्वालामुखी विष्फोट भएको छ । ज्वालामुखीका कारण आकाशमा व्यापक खरानी उडिरहेको छ भने सरकारले आसपासका गाउँहरूबाट सुरक्षितस्थलमा जान स्थानीयहरूलाई आदेश दिएको छ । नेग्रोसको टापुमा समुद्र सतहबाट दुई हजार ४०० मिटरभन्दा माथि उठेको कान्लाओन पहाड ज्वालामुखीका लागि फिलिपिन्सका २४ सक्रिय स्थानमध्ये एक हो ।



'फिलिपिन्स इन्स्टिच्युट अफ भोल्कानोलोजी एण्ड सिस्मोलोजी'ले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'स्थानीय समयअनुसार अपराह्न ३:०३ बजे ज्वालामुखी विष्फोट भएको हो ।

'सबै स्थानीय सरकारी एकाइहरूलाई ज्वालामुखी विष्फोट भएको पहाडबाट छ किलोमिटरको क्षेत्र खाली गर्न सल्लाह दिइएको छ र गतिविधि आवश्यक भएमा थप टाढा जान तयार रहनुपर्ने छ,' विज्ञप्तिमा भनिएको छ । ज्वालामुखीको दक्षिणपश्चिम क्षेत्रमा रहेको ला कास्टेलाना सहरका चारवटा उच्च पहाडी गाउँहरूमा 'उद्धार कार्य' जारी छ, नगर प्रहरी अधिकारी सर्जेन्ट रोनेल अरेभालोले एएफपीसँग बताए ।

'पछिल्ला केही दिनयता हामीले ज्वालामुखीबाट कालो धुवाँ निस्केको देखेका छौं । यो हप्ता कुनै पनि समयमा विष्फोट हुने हामीले अनुमान गरेका थियौं,' उनले एएफपीलाई फोनमार्फत दिएको जानकारीमा बताए । गत सेप्टेम्बरमा ज्वालामुखीले एकै दिनमा हजारौं टन हानिकारक ग्यास फर्याँकेपछि आसपासका सयौं बासिन्दालाई सुरक्षित स्थानमा सारिएको थियो ।

भूकम्प मापन कार्यालयका अनुसार सन् १८६६ यता कान्लाओनमा ४० पटकभन्दा बढी ज्वालामुखी विष्फोट भएको छ । सन् १९९६ मा ज्वालामुखीबाट निस्केको खरानीका कारण तीन जना पर्वतारोहीको मृत्यु भएको थियो । *रासस/एएफपी*

# हाइटीको राजधानीमा भएको हिंसामा १८४ जनाको मृत्यु

जेनेभा- हाइटीको राजधानीमा भएको हिंसामा पछिल्लो एक हप्तामा १८४ जनाको मृत्यु भएको छ । संयुक्त राष्ट्रसंघीय मानवअधिकार प्रमुखले हाइटीको राजधानीमा सामूहिक हिंसाका कारण १८४ जनाको मृत्यु भएको सोमबार बताएका हुन् ।

जेनेभामा पत्रकारहरूसँग कुरा गर्दै भोल्कर तुर्कले भने, 'गत साता मात्र हाइटीको राजधानी पोर्ट-ओ-प्रिन्समा एक शक्तिशाली गिरोहका नेताद्वारा आह्वान गरिएका आक्रमण र प्रत्यक्रमणका क्रममा कम्तीमा १८४ जनाको मृत्यु भएको छ ।' उनका अनुसार यी पछिल्ला घटना र यसबाट मृत्यु भएका मानिसहरूको संख्यासँगै यो वर्षमात्र हाइटीमा हिंसात्मक आक्रमणका कारण मृत्यु हुनेहरूको संख्या पाँच हजार पुगेको छ ।' *रासस/एएफपी*

# दक्षिण कोरियाली राष्ट्रपतिमाथि यात्रा प्रतिबन्ध

**सियोल-** दक्षिण कोरियाली राष्ट्रपतिमाथि सोमबार यात्रा प्रतिबन्ध लगाइएको छ । दक्षिण कोरियाको न्याय मन्त्रालयले राष्ट्रपति युन सुक योललाई सैनिक शासनको घोषणा गरेको आरोपमा प्रहरीले अनुसन्धान गरिरहेको भन्दै यात्रा प्रतिबन्ध लगाएको जनाएको हो ।

संसदीय सुनुवाइमा एक सांसदले मंगलबार सैनिक शासन घोषणा गरेर विद्रोहको नेतृत्व गरेको आरोप लागेका युनलाई देश छोड्न प्रतिबन्ध लगाइएको हो ? भनी गरिएको प्रश्नमा न्याय मन्त्रालयका अध्यागमन सेवा आयुक्त बे साङ-अपले भने, 'हो, यो सही हो ।'

'उत्तर कोरियाली कम्युनिस्ट शक्तिले निम्त्याएको खतराबाट जोगाउन र जनताको स्वतन्त्रता र सुखलाई लुट्ने राज्यविरोधी तत्त्वलाई समाप्त पार्न नागरिक शासन निलम्बन गरिएको हो,' युनले घोषणाका क्रममा भनेका थिए । उनको घोषणा कोरियाली जनताको विरोधका सामु लामो समय टिकेन र 'मार्शल ल' लागू भएको घोषणा भएको केही घण्टापछि उनले आफ्नो निर्णय फिर्ता लिएका थिए ।

राष्ट्रपतिको घोषणासँगै सेनाप्रमुख जनरल पार्क आन-सुको आदेशमा राजनीतिक गतिविधि र पार्टी, 'गलत प्रचार', हडताल र 'सामाजिक अशान्ति भड्काउने जमघट' माथि प्रतिबन्ध लगाइएको थियो ।

घोषणाको जिम्मेवारी लिँदै रक्षामन्त्री किम योन ह्युनले पदबाट राजीनामा दिएका थिए भने उनलाई अनुसन्धानका लागि पक्राउ गरिएको छ । घटनामा दोषी रहेको आरोपमा तीन जना सैनिक जनरललाई पनि निलम्बनपछि अनुसन्धान थालिएको छ । *रासस/एएफपी*


## चौदण्डीगढी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

**प्रस्ताव आह्वान सम्बन्धि सूचना**

**प्रकाशित मितिः २०८१/०८/२५**

यस नगरपालिका कार्यालयको मितिः २०८१/०८/२४ गतेको खरिद समितिको निर्णयानुसार ४० जना सहभागीलाई ५० दिने Mason तालिम संचालन गर्नुपर्ने भएको हुदाँ तपसिलको Criteria पुरा गर्ने इच्छुक फर्मले यो सूचना प्रकाशित मितिले १५ दिन भित्रको कार्यालय समय अवधी भित्र रू. १,००० (एक हजार)को राजश्व तिरी REQUEST OF QUOTATION (RFQ) खरिद गरी १६औं दिनको दिउसोको १२:०० बजे भित्र आफ्नो प्रस्ताव दर्ता गराउनुहुन साथै उक्त पेश भएको प्रस्तावहरु दर्ता गर्ने मितिको दिउसो २:०० बजे खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

- कम्तीमा ३ वर्ष तालिम संचालन गरेको अनुभव भएको ।
- ३९० घण्टाको व्यवसायिक सीप विकास सम्बन्धी तालिम संचालन गरेको अनुभव भएको ।
- गत आठ वर्ष भित्र कुनै तिन वर्षको औषत २० लाख वार्षिक कारोबार गरेको ।
- Mason तालिम संचालन गरेको अनुभव भएको

सेवा प्रदायक प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा आवद्ध भएको ।

**पुनश्च** : : खरिद तथा प्रस्ताव दर्ताको अन्तिम दिन सार्वजनिक विदा परेमा आगामी दिनलाई मान्य गरिनेछ । थप तथा अन्य जानकारीका लागि सम्पर्क व्यक्तिः ई. सन्तोष राई (९८५१२०३६७८)

**प्रमुख प्रशासकीय अधिकृत**



## बेलबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८१।०८।२५ (10th December, 2024)**

यस बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१।०७।०४ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना मार्फत आह्वान गरिएको तपसिलको ठेक्कामा दाखिला भएका बोलपत्रहरू मध्ये सबैभन्दा न्यूनतम बोलअंक कबोल गर्ने र सारभूत रूपमा प्रभावग्राही देखिन आएको तपशिल बमोजिमको बोलपत्र स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाताहरूलाई स्वीकृतिको आशयको सूचना जानकारीका लागि प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.स. | ठेक्का न. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मुल्य अभिबृद्धि कर र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| १. | *BM/MOR/W/NCB-09-2081-82* | **Construction of Mahendra Basic School Building Phase 2** | श्री रिदिमा निर्माण सेवा केराबारी - ९ मोरङ | रू. ५०,३१,९६३।०० (अक्षरेपी पचास लाख एकतिस हजार नौ सय त्रिसट्ठी रूपैया मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५०१०० | प्रति तोला – ० | प्रति तोला – १८६५ |

## अर्थमन्त्री पौडेल र अमेरिकी सहायक विदेशमन्त्री लुबीच छलफल



■ प्रभाव संवाददाता

**काठमाडौं** – उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुबीच भेटवार्ता भएको छ। अर्थ मन्त्रालयमा सोमबार भएको उक्त भेटवार्तामा द्विपक्षीय आर्थिक सहयोग, मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) र अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) अन्तर्गतका परियोजनाको प्रभावकारी कार्यान्वयन, विकास वित्त तथा निजी क्षेत्रमा लगानी परिचालनलगायतका विषयमा छलफल भएको हो।

'नेपाल र अमेरिकाबीचको सहयोग आदानप्रदानको विषयमा छलफल भयो। अमेरिकी सहयोगमा एमसिसी, युएसएआईडिलगायतका कार्यक्रमबाट सञ्चालित परियोजनाको कार्यान्वयनका सम्बन्धमा पनि छलफल भयो', अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्माले भने, 'अमेरिकी अन्तर्राष्ट्रिय विकास वित्त निगम (डिएफसी)बाट नेपालको निजी क्षेत्रमा पनि लगानी भइरहेकामा त्यसलाई अझ कसरी प्रभावकारी बनाउन र विस्तार गर्न सकिन्छ तथा नेपालमा थप पुँजी कसरी भित्र्याउन सकिन्छ भन्नेबारे उहाले चासो देखाउनुभएको छ। यसमा हामीले निजी क्षेत्रबाट लगानीलाई प्रोत्साहन गर्न सरकारको तर्फबाट सहयोग हुने प्रतिवद्धता जनाएका छौं।'

अर्थमन्त्री पौडेलले नेपालमा राजनीतिक स्थायित्व भएकाले अबको मुख्य प्राथमिकता आर्थिक समृद्धि भएको र त्यसका लागि नेपालमा अमेरिकी सहयोगलाई थप विस्तार गर्न मन्त्री लुलाई आग्रह गरे।

अमेरिकी सहायक विदेशमन्त्री लुले दक्षिण एसियाका केही देश आर्थिक रूपमा समस्यामा परे पनि नेपाल आर्थिक वृद्धि र स्थायित्व कायम गर्न सफल भएको भन्दै खुशी व्यक्त गरे। उनले अमेरिका आगामी दिनमा नेपालमा थप आर्थिक सहयोग गर्ने पक्षमा रहेको जानकारी दिए।

## 'जल–ऊर्जा–खाद्य समस्या समाधानमा सहकार्य आवश्यक'

■ प्रभाव संवाददाता

**काठमाडौं**– ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का थाइल्याण्डको बैंककमा आयोजित अन्तर्राष्ट्रिय माटो तथा जल सम्मेलनमा सहभागी भएका छन्।

संयुक्त राष्ट्र खाद्य एवं कृषि सङ्गठन (एफएओ) को आयोजनामा थाइल्याण्डको बैंककमा आजदेखि सुरु भएकोसम्मेलनमा उनी सहभागी भएका हुन्। सम्मेलनमा सम्बोधन गर्दै मन्त्री खड्काले पानीको अभाव व्यवस्थापन र माटोको क्षयीकरण रोक्दै दिगो कृषि र खाद्य प्रणालीको विकासमा उच्चस्तरीय कार्ययोजना आवश्यक रहेको बताएको उनको सचिवालयले जनाएको छ।

ऊर्जा, जलस्रोत र सिँचाइ क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरलाई सम्बोधन गर्न सबै लाग्नुपर्नेमा जोड दिँदै ऊर्जामन्त्री खड्काले नेपालको अर्थतन्त्रको आधार कृषि भएकाले दिगो र लचिलो कृषि खाद्य प्रणाली सिर्जना गर्न विज्ञान, नवप्रवर्तन र नीतिलाई एकीकृत गर्न गरिने बताए।



नेपालले सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट जलविद्युत् उत्पादन गर्ने लक्ष्य लिएको तर जलवायु परिवर्तनका असरले हिमाली क्षेत्र परेको असरले यो क्षेत्र नराम्ररी प्रभावित भइरहेको उनको भनाइ थियो।

मन्त्री खड्काले जल-ऊर्जा-खाद्य समस्याधलाई दिगो रूपमा सम्बोधन गर्न विश्वव्यापी सहकार्यका लागि आग्रहसमेत गरे। उनले जलवायु संकट र सामाजिक-आर्थिक चुनौतीको सामना गर्दै जलस्रोत व्यवस्थापनमा उत्कृष्ट अभ्यास र प्राविधिक प्रगति प्रवर्द्धन गर्न थप सहकार्य, ज्ञान र साझेदारी आवश्यक रहेको बताए।

तीन दिनसम्म चल्ने उक्त सम्मेलनमा नेपाल, थाइल्याण्ड, आयसल्याण्ड, पाकिस्तान, कम्बोडिया, भुटान, चिली जापानलगायतका दुई दर्जनभन्दा बढी देशका मन्त्री तथा उच्चपदस्थ अधिकारीको सहभागिता रहेको छ।

## 'एडिबीको सहयोग निरन्तर हुनेमा आशावादी'

**काठमाडौं (प्रस)**– उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले नेपालको ऊर्जा क्षेत्रमा सहयोग पुर्‍याएका एसियाली विकास बैंक (एडिबी) लाई धन्यवाद दिँदै आगामी दिनमा सहयोग निरन्तर हुनेमा आशावादी रहेको बताएका छन्।

फोटो पत्रकार क्लब (पीजे क्लब) ले एसियाली विकास बैंकसँगको सहकार्यमा आयोजना गरेको फोटो प्रदर्शनीपछि आइतबार सञ्चारकर्मीसँग कुरा गर्दै उनले फोटो प्रदर्शनीले नेपाल सरकार र एडिबीबीच ५० वर्षे सहकार्यमा नेपालको ऊर्जा क्षेत्रमा भएका विकासलाई दृश्यमार्फत प्रस्तुत गरिएको र प्रदर्शनीले नेपालको ऊर्जा विकासमा एडिबीको भूमिकालाई स्पष्ट पारेको उल्लेख गरे।

हाइड्रो इलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीका प्रमुख कार्यकारी अधिकृत अर्जुन गौतम, स्वतन्त्र ऊर्जा उत्पादक सङ्घका उपाध्यक्ष आनन्द चौधरी र कलाकार विजय बराललगायत विशिष्ट व्यक्तित्व, विभिन्न विद्यालय, कलेज तथा आमसर्वसाधारणले अवलोकन गरेका थिए।

नेपालको ऊर्जा क्षेत्रको विकासमा (एसियाली विकास बैंक) एडिबी र नेपाल सरकारबीच सहकार्य पाँच दशक पुगेको अवसरमा नेपाल आर्ट काउन्सिल, बबरमहलमा सप्ताहव्यापी फोटो प्रदर्शनी गरेको हो। अवलोकनपछि पत्रकारहरूसँग बोल्दै हाइड्रो इलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीका प्रमुख कार्यकारी अधिकृत गौतमले यस प्रदर्शनीवाट नेपालको ऊर्जा क्षेत्रको विकासमा एडिबीले पुर्‍याएको सहयोग र नेपालमा ऊर्जा उत्पादन, प्रसारण तथा वितरण लाइन एवं सुदृढीकरणमा एडिवीको कति भूमिका छ भन्ने देखाएको बताए।

स्वतन्त्र ऊर्जा उत्पादक सङ्घका उपाध्यक्ष आनन्द चौधरीले नेपालको ऊर्जा विकासमा एडिबीको सहयोगको पाटोलाई यस फोटो प्रदर्शनीले देखाएको उल्लेख गर्नुभयो। प्रदर्शनी उत्पादन, प्रसारण, वितरण र 'बियोन्ड द मिटर' गरी चार विधामा विभाजन गरिएको छ।

## कर्पोरेट

### कजारिया टायल्सको 'मेसन मिट २०२४' सम्पन्न




**काठमाडौं (प्रस)**– नेपालको सबै भन्दा ठुलो साथै भारतको नम्बर वान टायल्स कजारिया टायल्सले हालै काठमाडौंमा 'मेसन मिट २०२४' सम्पन्न गरेको छ। १५० जना भन्दा बढी राजमिस्त्रीहरू सहभागी रहेको उक्त मिटमा भारतबाट समेत प्रशिक्षक ल्याई नेपाली प्राविधिकहरूसंग उच्च गुणस्तर र नयाँ प्रविधिको बारेमा गहन छलफल गराइएको थियो।

मैसन मिटको उद्देश्य राजमिस्त्रीहरूलाई निर्माण अभ्यासको ज्ञान दिने र ब्रान्ड चेतनाको बारेमा छलफल गर्ने रहेको थियो। सो मिटमा कजारिया ब्राण्डको गुणस्तर, नयाँ प्रविधि र मूल्यको समेत जानकारी दिइएको थियो। कम्पनीले आफ्ना ग्राहक तथा उपभोक्ता, डिलर तथा निर्माण विज्ञहरूलाई प्राथमिकतामा राखेको बताउँदै स्थानीयस्तरमा घर तथा आवासहरूको निर्माणमा योगदान गरिरहेका निर्माण राजमिस्त्रीहरूसँगको सम्बन्धलाई थप मजबुत बनाउने उद्देश्य राखी यो कार्यक्रमको आयोजना गरेको हो।

अर्थतन्त्रलाई मजबुत बनाउनको लागि राजमिस्त्रीको उल्लेखनिय भूमिका रहेकोले सुरक्षित आवास निर्माण सम्बन्धमा तालिम तथा अन्तरक्रिया कार्य प्रति यस काजरिया रमेश टायल्स सधै नै सजक रहेको छ। तसर्थ काठमाडौंबाट सुरु भएको यो मेसन मिट छिट्टै नै नेपाल अधिराज्यभरका कम्तिमा पनि १६ ठाउँहरूमा समेत गरिदै छ।

कार्यक्रमलाई सम्बोधन गर्दै काजरिया रमेश टायल्सका कन्ट्री हेड प्रवीन सिंहले भने - 'मानिसले घर बनाउँदा आफू र आफ्नो परिवारको सुरक्षालाई केन्द्रमा राख्ने हुनाले उपयुक्त तथा गुणस्तरिय निर्माण सामाग्रीको छनौटका साथ साथै दक्ष जन शक्तिको पनि त्यत्तिकै महत्व पूर्ण भूमिका रहन्छ।'

काजरिया रमेश टायल्स नेपालको प्रमुख व्यापारिक तथा औद्योगिक समूह रमेश कर्प र भारतको कजारिया सिरामिक्स लिमिटेडको संयुक्त लगानीमा २ वर्ष अगाडी नवलपरासीमा खुलिएको कम्पनी हो। कजारिया रमेश टायल्स नेपालको एक मात्र ठूलो सिरामिक र भिट्रिफाइड टाइल निर्माता कम्पनी हो। गुणस्तर र नवप्रवर्तनमा नयाँ मापदण्ड स्थापित गर्ने लक्ष्यका साथ, काजरिया रमेश टायल्स विश्वस्तरीय उत्पादनहरू प्रदान गर्न प्रतिबद्ध छ।

### नागरिक लगानी कोष र तल्लो इर्खुवा जलविद्युत आयोजनाबीच सम्झौता



**काठमाडौं (प्रस)**– नागरिक लगानी कोष र लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लिमिटेडबीच सेयर प्रत्याभूति सम्झौता भएको छ। सम्झौतामा कोषका कार्यकारी निर्देशक पवर्तकुमार कार्की र इर्खुवा हाइड्रोका प्रबन्ध सञ्चालक विश्वेश्वर सुवेदीले हस्ताक्षर गरेका हुन्।

इर्खुवा हाइड्रोले प्रति सेयर रु एक सयका दरले २८ लाख पाँच हजार सात सय ५० कित्ता बापतको रु २८ करोड पाँच लाख ७५ हजार बराबरको सेयर निष्कासन गर्ने सम्बन्धमा कोषसँग प्रत्याभूति सम्झौता गरेको हो। सम्झौताको अवधि हस्ताक्षर भएको मितिले छ महिनासम्म रहने छ।

## नेप्से परिसूचकमा गिरावट कायमै

### कारोबार रकम साढे पाँच अर्बमा खुम्चियो

■ प्रभाव संवाददाता

**काठमाडौं** – यस साता कारोबारको पहिलो दिन उच्च अंकले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार दोस्रो दिन पनि दोहोरो अंकको गिरावट देखिएको छ। नेप्से परिसूचक १२ दशमलव ८४ अंकले घटेर दुई हजार छ सय ७६ दशमलव १५ को विन्दुमा कायम भएको हो।




तीन सय १७ कम्पनीको एक करोड १५ लाख २३ हजार तीन कित्ता सेयर ६२ हजार सात सय ५८ पटक खरिदबिक्री हुँदा रू पाँच अर्ब ६२ करोड ९९ लाख ४५ हजार आठ सय २२ बराबरको कारोबार भएको छ।

कारोबारमा वित्त समूह शून्य दशमलव १५, लगानी शून्य दशमलव ७६, उत्पादन तथा प्रशोधन एक दशमलव ०६, म्युचुअल फन्ड शून्य दशमलव १४ र अन्य समूह शून्य दशमलव ११ प्रतिशतले बढेको छ।

अरु सबै समूहको उपसूचक घटेको छ। बैंकिङ शून्य दशमलव ४६, विकास बैंक शून्य दशमलव ६८, होटल तथा पर्यटन शून्य दशमलव ८३, जलविद्युत् शून्य दशमलव ५४ र जीवन बिमा समूह एक दशमलव ६७ प्रतिशतले घटेको छ।

यसैगरी, लघुवित्त समूह शून्य दशमलव ६१, निर्जीवन बिमा समूह एक दशमलव १६ र व्यापार समूह एक दशमलव ३० प्रतिशतले घटेको छ।

इमर्जिङ नेपाल लिमिटेडको सेयर मूल्य सबैभन्दा धेरै आठ दशमलव ७६ प्रतिशतले बढेको छ।

सबैभन्दा धेरै घट्नेमा भने स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। कारोबार भएको रकमका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रू ३५ करोड २७ लाख २० हजार चार सय ४९ बराबरको कारोबार भएको छ। सेयर संख्याका आधारमा सबैभन्दा धेरै आरबिबी म्युचुअल फन्ड-को पाँच लाख १७ हजार चार सय कित्ता सेयर किनबेच भएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ